# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १६२ | काठमाडौं | मंगलबार, १५ असोज २०८१ | Prabhab National Daily | Tuesday, October 01, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## प्रधानमन्त्री ओलीको गैरजिम्मेवार अभिव्यक्ति

■ जेबी योञ्जन

**काठमाडौं-** विपद्का कारण २०० भन्दा बढीले ज्यान गुमाएको, त्यसभन्दा बढी घाइते भएको र केही बेपत्ता भएको अवस्थाले देशवासी शोकमग्न छँदा अमेरिका भ्रमणबाट फर्किएका प्रधानमन्त्री केपी शर्मा ओलीले गैरजिम्मेवार अभिव्यक्ति दिएका छन् । उनले 'नागरिक बचाउनु सरकारको दायित्व नभएको' भन्ने अर्थ लाग्नेगरी अभिव्यक्ति दिए । विपद्का घटनापछि नागरिकको उद्धार र राहत दिने कार्यमा सरकारको सहभागिता हुनुपर्ने उनको भनाइ छ ।

'फोरकास्ट गरेको थियो 'रेड अलर्ट' भनेर तर कहाँकहाँ पहिरो जान्छ त भनेको थिएन ! गएपछि थाहा हुने कुरा भयो । काठमाडौंमा यति डुबान हुनेगरी आउँछ भनेर कल्पना गरिएको थिएन,' ओलीले सोमबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग भने, 'विपद्मा सरकारले तदारुकतासाथ उद्धार कार्य र राहत कार्य पुऱ्याउने हो । त्यो काम पुऱ्याएको भन्ने लाग्छ ।'

नागरिकलाई विपद्बाट जोगाउनु सरकारको मूल कर्तव्य हो । सम्भावित विपद्बाट प्रभावित हुने क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा राख्नुपर्छ । पूर्वसचिव लक्ष्मी ढकालका अनुसार अस्थायी आवासको व्यवस्था गरेर उनीहरूका लागि खाद्यन्नको चाँजोपाँजो सरकारले नै मिलाउनुपर्छ । यी सबै सरकारको दायित्वअन्तर्गत पर्ने उनी बताउँछन् ।

यहीबेला अमेरिकाबाट देश आइपुगेका प्रधानमन्त्री ओलीको नागरिक आफैं बाच्नुपर्छ, सरकारले बचाउँदैन भन्नै कोणबाट पनि अभिव्यक्ति आयो । उनको अभिव्यक्तिलाई आधार मान्दा सरकारको दायित्व नागरिकलाई बचाउने हुँदै होइन । उनले विपक्षीहरूले विपद्को जोखिम र सरकारको उपस्थितिलाई लिएर विरोधका लागिमात्रै विरोध गरेको बताए ।



> फोरकास्ट गरेको थियो 'रेड अलर्ट' भनेर तर कहाँकहाँ पहिरो जान्छ त भनेको थिएन ! गएपछि थाहा हुने कुरा भयो । काठमाडौंमा यति डुबान हुनेगरी आउँछ भनेर कल्पना गरिएको थिएन ।

'मैले बाहिर (अमेरिका) हुँदा पनि यस विषयमा जानकारी लिइरहेको थिएँ । आफू मातहतका निकायलाई पनि निर्देश गरिरहेको छु,' उनले भने, 'विरोधका लागि विरोध गर्नेजस्तो खालको स्थिति त्यो राम्रो हुँदैन भन्ने लाग्छ ।'

उद्धार कार्यको दृष्टिले हेर्दा बाढीपहिरोमा फसेका नागरिकलाई उद्धार गर्न सरकार असफल भयो । उद्धार गर्न सक्ने स्थिति छँदाछँदै नागरिक खोला तथा नदीमा हेलिनुपरेको छ । यस्तो विषम् परिस्थिति जनताले भोगिरहँदा प्रधानमन्त्री ओलीले 'विरोधका लागिमात्रै विरोध नगर्न' चेतावनी दिए ।

जबकि, शुक्रबार र शनिबारको भारी वर्षाका कारण बाढीपहिरो र डुबानमा परी मृत्यु हुनेको संख्या सोमबार साँझसम्म २०५ पुगेको नेपाल प्रहरी प्रधान कार्यालयको तथ्यांक छ । प्रहरीका अनुसार काठमाडौं उपत्यकामा ५६ जना, कोशी प्रदेशमा १७ जना, मधेस प्रदेशमा पाँच जना, बागमती प्रदेशमा १२५ जना र लुम्बिनी प्रदेशमा दुई जनाको ज्यान गएको हो ।

(क्रमशः पृष्ठ २ मा)

### तीन दिन राष्ट्रिय शोक

प्रधानमन्त्री केपी शर्मा ओली देश फर्किएलगत्तै बसेको मन्त्रिपरिषद् बैठकले बाढी, पहिरो र डुबानका कारण भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै तीन दिन राष्ट्रिय शोक घोषणा गरेको छ ।

सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले दिएको जानकारीअनुसार राष्ट्रिय शोकको समयमा सरकारी कार्यालयहरूको झण्डा आधा झुकाइने छ तर सार्वजनिक बिदा हुने छैन । बाढीपहिरो र डुबानमा परी ज्यान गुमाएकालाई प्रतिव्यक्ति सरकारले दुई लाख रूपैयाँ राहत दिने घोषणा गरेको छ ।

बेपत्ता भएका व्यक्तिहरू १० दिनसम्म पनि फेला नपरे उनीहरूलाई पनि मृतकसरहको राहत दिने निर्णय भएको एक मन्त्रीले जानकारी दिए । त्यस्तै, विभिन्न अस्पतालमा उपचाररत ९२ जना घाइतेहरूको निःशुल्क उपचार गर्ने निर्णय गरेको छ ।

## धमाधम खुल्दै राजधानी जोड्ने सडक

- झ्याप्लेखोलामा पहिरोको अवरोध हटाएपछि दुईतर्फी सवारी सञ्चालनमा
- पहिरो खसेर अवरूद्ध मकवानपुरको हेटौंडा-काठमाडौं र हेटौंडा-धरान चतरा जोड्ने तीनवटा सडक सञ्चालनमा
- त्रिभुवन लोकपथ सडकअन्तर्गत हेटौंडा-भैंसे, सिमभञ्ज्याङ-पालुङ-नौबिसे र मदन भण्डारी लोकमार्गअन्तर्गत हेटौंडा-सिन्धुली-धरान चतरा सडक सोमबार बिहानबाट खुले
- काठमाडौं भित्रिने पूर्वको 'लाइफलाइन' बिपी राजमार्ग खुल्न भने अझै समय लाग्ने



**अविरल वर्षाका कारण पृथ्वीराजमार्गमा झरेको पहिरो पन्छाएपछि गन्तव्यतर्फ जाँदै गरेका सवारीसाधन ।**

*तस्बिरः शंकर श्रेष्ठ/रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं-** गत बिहीबार रातिबाट परेको अविरल वर्षाका कारण आएको बाढी र पहिरोले अवरुद्ध सडक मौसम सुध्रिएसँगै धमाधम खुल्न थालेका छन् । वर्षापछिको बाढीपहिरोले राजधानी भित्रने मुख्य सडकसँगै विभिन्न जिल्लाका सडकहरू आइतबारसम्म पूर्णरूपमा अवरुद्ध भएकोमा सोमबारबाट धमाधम खुल्न थालेका हुन् ।

### झ्याप्लेखोलामा दुइतर्फी सञ्चालन

त्रिभुवन राजपथअन्तर्गत धादिङस्थित झ्याप्लेखोलामा अवरुद्ध सडक दुईतर्फी खुलेसँगै राजमार्गमा अलपत्र परेका एक हजार ७०० सवारीसाधन काठमाडौं उपत्यका भित्रिएका छन् । गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले झ्याप्लेखोलामा अवरुद्ध सडक खुलेपछि अलपत्र यात्रुहरूसहित सवारीसाधन दुइतर्फी चल्न थालेको जानकारी दिए । यसैगरी सोमबारबाट देशभर रुट परमिट खुला गरेको छ ।

### काठमाडौं-हेटौंडा सडक खुल्यो

यसैगरी पहिरो खसेर अवरुद्ध मकवानपुरको हेटौंडा-काठमाडौं र हेटौंडा-धरान चतरा जोड्ने तीनवटा सडक सञ्चालनमा आएका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार सडकबाट पहिरो पन्छाएर त्रिभुवन लोकपथ सडकअन्तर्गत हेटौंडा-भैसे, सिमभञ्ज्याङ-पालुङ-नौबिसे र मदन भण्डारी लोकमार्गअन्तर्गत हेटौंडा-सिन्धुली-धरान चतरा सडक सोमबार बिहानबाट खुलेका हुन् ।

त्रिभुवन लोकपथ सडकअन्तर्गत हेटौंडा-भैंसे-चित्लाङ-चन्द्रागिरि-काठमाडौं सडक आइतबार साँझबाटै एकतर्फीरूपमा सञ्चालनमा आएको थियो । वर्षासँगै खसेको पहिरो पन्छाएपछि ती सडक सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त प्रवक्ता प्रहरी निरीक्षक ठाकुरप्रसाद सापकोटाले जानकारी दिए ।

(क्रमशः पृष्ठ २ मा)

### मृतकको संख्या २०५ पुग्यो

गत शुक्रबारयता उपत्यकासहित देशका विभिन्न स्थानमा आएको बाढीपहिरोमा परी मृत्यु हुनेको संख्या सोमबारसम्म २०५ पुगेको छ । नेपाल प्रहरीले दिएको जानकारीअनुसार बाढीपहिरोलगायतका विपद्मा परी काठमाडौं उपत्यकामा सबैभन्दा ५६ जनाको मृत्यु भएको छ । बागमती प्रदेशमा मृत्यु हुनेको संख्या १२५ पुगेको तथ्यांक छ ।

यस्तै कोशी प्रदेशमा १७ जना, मधेस प्रदेशमा पाँच जना, लुम्बिनी प्रदेशमा दुई जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । बाढीपहिरोलगायतका विपद्मा परी काठमाडौं उपत्यकामा २४ जना, कोशी प्रदेशमा १३ जना, मधेस प्रदेशमा आठ जना, बागमती प्रदेशमा ८५ जना गरी जम्मा १३० जना घाइते भएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## मौरिसससँगको श्रम सम्झौता 'अलपत्र'

■ मोहनप्रसाद पन्त

**काठमाडौं-** वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य मानिएको अफ्रिकी मुलुक मौरिससमा कामदार पठाउनेसम्बन्धी नेपाल सरकारले गरेको श्रम सम्झौता न कार्यान्वयन, न नवीकरणको अवस्थामा पुगेको छ । सरकारले श्रम समझदारीपत्रमा हस्ताक्षर भएको पाँच वर्ष बित्दासमेत मौरिससमा कामदार पठाउन सकेको छैन । श्रम समझदारीको अवधि सकिँदासमेत नवीकरणका लागि कुनै चासोसमेत देखाइएको छैन ।

नेपाल र मौरिससबीच २०७६ जेठ अन्त्यतिर सरकारीस्तरमा द्विपक्षीय श्रम सम्झौता भएको थियो । तत्कालीन अवस्थामा स्विट्जरल्यान्डको जेनेभामा भएको अन्तर्राष्ट्रिय श्रम संगठनको कार्यक्रममा सहभागी श्रम, रोजगार तथा समाजिक सुरक्षामन्त्री गोकर्ण विष्ट र मौरिससका श्रम, औद्योगिक सम्बन्ध, रोजगार तथा तालिममन्त्री सुदेश एस क्यालिचर्नले समझदारीपत्रमा हस्ताक्षर गरेका थिए ।

समझदारीपत्रमा हस्ताक्षर गर्ने तर कार्यान्वयन नगर्ने सरकारी रवैयाका कारण रोजगारीका लागि मौरिसस जाने कामदारले ठूलो आर्थिक भार खेप्नुपरिरहेको छ । जबकि, सम्झौताअनुसार कामदार छनोट तथा भर्ना प्रक्रियामा लाग्ने सबै शुल्क एवं लागत मौरिससको रोजगारदाताले व्यहोर्नुपर्ने व्यवस्था छ । श्रम मन्त्रालयले श्रम सम्झौतापश्चात २०७९ सालमामात्रै रोजगारीका लागि नेपाली कामदार मौरिसस पठाउन सकिने सम्भावनाबारे अध्ययन गरेको थियो । मन्त्रालयले गरेको अध्ययनअनुसार ठूलो संख्यामा नेपालीहरूलाई रोजगारीका लागि मौरिसस पठाउन सकिने र त्यसका लागि सरकारले पहलकदमी लिनुपर्ने प्रतिवेदन तयार भएको थियो ।

यद्यपि, उक्त प्रतिवेदन मन्त्रालयमा त्यसै थन्कियो र हालसम्म पनि कार्यान्वयनका लागि ध्यान दिइएको छैन । मौरिसस जाने कामदारलाई शून्य लागतमा पठाउने सरकारीस्तरमा समझदारी भए पनि म्यानपावर कम्पनी वा बिचौलियालाई मोटो रकम बुझाउनुपर्ने बाध्यता रहेको छ । यसले द्विपक्षीय सम्झौताको खिल्लीमात्र उडाएको छैन, रोजगारीका लागि अवसर खोजिरहेका नेपाली युवाले सरकार रहेको अनुभूतिसमेत गर्न पाएका छैनन् ।



- श्रम समझदारीपत्रमा हस्ताक्षर भएको पाँच वर्ष बित्दासमेत कार्यान्वयन भएन सम्झौता
- सम्झौता कार्यान्वयन नहुँदा मौरिसस जाने कामदार ठूलो आर्थिक भार बोक्न बाध्य, जबकि कार्यान्वयन भए निःशुल्क जान पाउँथे
- भदौमा मात्रै संस्थागत र व्यक्तिगत गरी एक हजार ४०७ जना नेपाली रोजगारीका लागि पुग मौरिसस

सरकारले वैदेशिक रोजगारीको संभावना देखेरै मौरिसससँग श्रम समझदारी गरेको श्रम मन्त्रालयले जनाएको छ । यद्यपि, उक्त समझदारी कार्यान्वयनको सवालमा केही कठिनाइ रहेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए । 'मौरिससको मागपत्र प्रमाणीकरण युरोपबाट गर्नुपर्ने अवस्था रहेकाले केही समस्या छन्,' उनले भने, 'सरकारले युरोप र अफ्रिकी मुलुकमा जाने कामदारको लागत शुल्क तय गरिसकेको छैन, यसले पनि केही अप्ठ्यारो परेको छ ।'

मौरिसस जाने कामदारको अवस्था राम्रै भएको भन्दै प्रवक्ता घिमिरेले म्यानपावरमार्फत थुप्रै नेपाली गइसकेको बताए । तर, श्रम समझदारीलाई बलियो रूपमा कार्यान्वयन गर्न नसक्दा बिचौलिया र कन्सल्टेन्सीहरूले चलखेल गर्ने मौका पाएको उनले स्वीकार गरे । ठूलो रकम लिएर अनधिकृतरूपमा व्यक्तिगत श्रम स्वीकृति गराई मौरिसस पठाउने गरेका ५० भन्दा बढी कन्सल्टेन्सीहरूलाई कारबाही गरिएको प्रवक्ता घिमिरेले जानकारी दिए ।

यस्तै श्रम समझदारी नवीकरण मौरिससमात्र नभई धेरैवटा मुलुकसँग हुन बाँकी रहेको उनले बताए । 'श्रम समझदारी नवीकरण गर्नुपर्ने धेरै मुलुक छन्,' प्रवक्ता घिमिरेले भने, 'केही मुलुकमा नवीकरणका लागि ड्राफ्ट पठाइसकेका छौं, केहीमा पठाउने चरणमा छौं, मौरिससँग पनि छिट्टै नवीकरणको प्रक्रिया अघि बढाइने छ ।'

मौरिससँग भएको श्रम सम्झौतामा कामदारको छनोट तथा भर्ना प्रक्रियामा सबै शुल्क एवं लागत रोजगारदाताले नै व्यहोर्नुपर्ने, कामदारसँग नाजायज तरिकाले शुल्क लिन नपाउने गरी लागतको नियमन एवं नियन्त्रण गर्ने, सबै प्रकारको अनियमित भर्ना, बाध्यकारी श्रम र मानव बेचबिखनजस्ता जघन्य अपराध नियन्त्रण गर्न द्विपक्षीय सहकार्य गर्ने, कुनै कारण कामदार बेरोजगार हुनुपर्ने अवस्था आएमा वैकल्पिक रोजगारीको खोजी गर्न सक्ने, स्थानीय नागरिकसरह ज्याला, तलबभत्ता सुविधा उपलब्ध गराउनुपर्ने, महिला कामदारका लागि श्रमिक कल्याण र सुरक्षाका विशेष उपायहरू सुनिश्चित गर्नुपर्ने, तलब सुविधा समयमै भुक्तानी भए नभएको सुनिश्चित गर्न मौरिसस सरकारबाट नियमित अनुगमन हुनुपर्नेलगायतका विषयवस्तु उल्लेख गरिएको छ । जसमा मौरिससको कानुनको अधीनमा रही कामदारको दुर्घटना बिमा एवं उपचार दुवैको व्यवस्था सुनिश्चित गरिएको छ ।

सरकारी तवरबाट मौरिससँग भएको श्रम सम्झौता कार्यान्वयन नभए पनि संस्थागत (म्यानपावर) र व्यक्तिगत श्रम स्वीकृति लिएर जाने नेपाली कामदारको संख्या भने बढ्दो छ । चालु आर्थिक वर्षको साउन र भदौमा मात्रै संस्थागत र व्यक्तिगत गरी एक हजार ४०७ जना नेपाली रोजगारीका लागि मौरिसस गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ । त्यस्तै गत आव २०८०/८१ मा संस्थागत र व्यक्तिगत श्रम स्वीकृति लिएर सात हजार ३९७ जना मौरिसस गएको विभागको तथ्यांकमा देखिन्छ ।




## पृष्ठ १ बाट क्रमशः

### धमाधम खुल्दै...

उक्त सडकअन्तर्गत मकवानपुरको थाहा नगरपालिका-५ दामनमा पहिरो जाँदा अवरुद्ध भएको थियो । कान्ति लोकपथ सडकको बकैया गाउँपालिका-१२ घट्टेपाखा र ११ नम्बर वडाको लाम्राङ, आँपचौरमा पहिरोका कारण र भिमफेदी गाउँपालिका-८ स्थित बागमती खोलाको पुल कटान भएकाले सडक अझै पूर्णरूपमा अवरुद्ध छ ।

दक्षिणकाली-छैमले-सिस्नेरी सडकअन्तर्गत इन्द्रसरोवर गाउँपालिका-३ रामचन्द्र भञ्ज्याङमा पहिरो खसेर कुलेखानी-फाखेल-फर्पिङबाटो पूर्णरूपमा अवरुद्ध छ । दक्षिणकाली-छैमले-सिस्नेरी सडकखण्डकै इन्द्रसरोवर गाउँपालिका-२ सिमखोलास्थित लच्कामा सिमखोलामा आएको बाढीले कटान गरी कुलेखानी-सिस्नेरी-फर्पिङ बाटो पूर्णरूपमा अवरुद्ध भएको हो । कुलेखानी-मार्खु भित्री सडकखण्डको इन्द्रसरोवर गाउँपालिका-१ सिम्लाङमा पहिरोका कारण थानकोट-कुलेखानी बाटो पूर्णरूपमा अवरुद्ध छ । भीमफेदी गाउँपालिका-४ रातोमाटे, भीमफेदी-६ ढोकाफेदीमा पहिरो खसेर हेटौंडा-कुलेखानी जोड्ने बाटो पूर्णरूपमा अवरुद्ध रहेको प्रहरी निरीक्षक सापकोटाले बताए ।

मकवानपुरको भीमफेदी गाउँपालिका-४ रातोमाटेमा पहिरो गएको कारण भैंसे-भीमफेदी सडक अवरुद्ध बनेको छ । सोमबार बिहान खसेको पहिरोका कारण उक्त सडकमा यातायात सेवा अवरुद्ध भएको भीमफेदी गाउँपालिकाका उपाध्यक्ष सञ्जीव श्रेष्ठले जानकारी दिए ।

#### बिपी राजमार्गको अवरोध कायमै

काठमाडौं भित्रिने पूर्वको 'लाइफलाइन' बिपी राजमार्ग अझै अवरुद्ध रहेको छ । उक्त राजमार्गमा अलपत्र यात्रुलाई उद्धार गरी सडक खुलाउने प्रयास भइरहेको प्रहरी प्रवक्ता तिवारीले बताए । 'अबरुद्ध सडक खुल्ने र खुलाउने क्रम जारी छ । अझै पहिरोलगायत जोखिम टरिसकेको छैन,' उनले भने ।

#### रामेछाप-सिन्धुली वैकल्पिक मार्ग

सुनकोशी नदीले रामेछाप र सिन्धुली जोड्ने खुर्कोटको पक्की पुल बगाएपछि वैकल्पिक मार्गको रूपमा मन्थली-पकरवास-भीरपानी सडकखण्ड मर्मत गरी आइतबार साँझबाट सडक खुलेको छ । मन्थलीबाट गाइखुरा पुल हुँदै पकरवास-भिरपानी सडकखण्ड मर्मत गरेसँगै सित्खा हुँदै र सिन्धुलीको मुलकोटसम्मको आवागमन पुन सुरू भएको खाँडादेवी गाउँपालिकाका अध्यक्ष ज्ञानकुमार श्रेष्ठले जानकारी दिए । खुर्कोटको पुल बाढीले बगाएपछि मन्थली-पकरवास-भीरपानी सडकखण्ड सञ्चालन गर्न जिल्लास्थित सरोकारवालाले पहल थालेका थिए । मन्थलीदेखि सिन्धुलीको वैकल्पिक मार्ग आवागमन सञ्चालन भएपछि तराईका जिल्लासँग यातायातको माध्यमबाट सम्पर्क पुनःस्थापित भएको हो ।

#### पूर्व-पश्चिम राजमार्ग अवरुद्ध

पश्चिम नवलपरासीको दाउन्नेमा सडक भासिँदा पूर्व-पश्चिम राजमार्गअन्तर्गतको सडक पूर्णरूपमा अवरुद्ध भएको छ । बर्दघाट नगरपालिका-४ दाउन्ने जंगलस्थित खुर्सानी खोलामा सडक भासिएपछि सवारी आवागमन ठप्प भएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका सूचना अधिकारी डिएसपी रेशम बोहराले जानकारी दिए ।

सडकको माथिल्लो भागमा रहेको पर्खाल भत्किएपछि विद्युत् हाइटेन्सन लाइन सडकमा ढलेको थियो । उक्त पोल हटाउने प्रयास गर्दागर्दै सडक भासिएपछि राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको हो ।

सडक अवरुद्ध भएपछि नारायणगढबाट आउँदै गरेका सवारीसाधनलाई दुम्कीबास र बुटवलतर्फबाट जाँदै गरेका सवारीसाधनलाई बर्दघाटमा रोकिएको छ ।

●●●

### मृतकको संख्या...

घाइतेहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । काठमाडौं उपत्यकामा दुई हजार १५५ जना, कोशी प्रदेशमा २९० जना, मधेस प्रदेशमा ३५ जना, बागमती प्रदेशमा ७४५ जना र गण्डकी प्रदेशमा ९९७ जना गरी जम्मा चार २२२ जनाको उद्धार गरिएको प्रहरीको तथ्यांक छ । बाढीपहिरोमा परी २४ जना बेपत्ता भएका छन् ।

●●●

### प्रधानमन्त्री ओलीको...

बाढीपहिरोमा परी २४ जना बेपत्ता भएका छन् भने बेपत्ताको खोजी कार्य जारी छ ।

#### के पहिरोले पूर्वसंकेत दिन्छ ?

प्रधानमन्त्री ओलीले विपद्को एउटा रूप मानिने पहिरो झर्दा कुनै संकेत नदिने गरेको बताए । यद्यपि, पहिरोले सधैं पूर्वसंकेत दिन्छ भन्ने छैन । तर, खाने तथा भूगर्भ विभागका सिनियर डिभिजनल जिओलोजिस्ट शिवकुमार बाँस्कोटाका अनुसार भने पहिरोको संकेत मिल्ने गरेको छ ।

'पहिरोले पूर्वसंकेत दिन्छ, जसले गर्दा जनधनको क्षति हुनबाट केही हदसम्म बच्न सक्छौं । विशेषगरी मानवीय क्षति घटाउन सक्छौं,' बाँस्कोटाले भने ।

उनका अनुसार मुहानबाट पानी एक्कासि धमिलो आयो भने र कहिलेकाहीँ पानीको मुहान अचानक सुक्यो भने पहिरोको जोखिम हुन्छ । बगिरहेको खोला सुक्यो भने माथिल्लो क्षेत्रमा खोला थुनिएको हुनसक्छ र भत्किएपछि त्यसले बाढी र पहिरो दुवै निम्त्याउँछ । नदीदेखि अलिक माथि बस्ती छ तर नदीले जमिन कटान तीव्र गतिमा गरिरहेको छ भने त्यहाँ पनि पहिरो जान्छ ।

#### काभ्रे र धादिङका सिडिओ तानिए

विपद् व्यवस्थापन प्रभावकारी ढंगले गर्न नसकेको भन्दै प्रश्न उठेपछि काभ्रे र धादिङको प्रमुख जिल्ला अधिकारीसँगै प्रहरी प्रमुख केन्द्र तानिएका छन् ।

गृह मन्त्रालयले ती जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई मन्त्रालय तानेर मन्त्रालयका सहसचिवलाई पठाएको छ । धादिङका सिडिओ राजेन्द्रदेव पाण्डेलाई मन्त्रालय तानेर मन्त्रालयका सहसचिव सुमन घिमिरेलाई पठाइएको छ भने काभ्रेका सूर्यप्रसाद सेढाईलाई काठमाडौं तानेर उमेश ढकाललाई पठाइएको छ ।

जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाको सूचनापछि पनि काठमाडौं प्रवेशका लागि सवारीसाधनमा रोक नलगाएको आरोप धादिङका सिडिओ पाण्डेमाथि लागेको थियो । त्यसरी नै काभ्रेका सिडिओ सेढाईंले विपद् व्यवस्थापनमा ध्यान नदिएको आरोप लागेको छ ।

धादिङबाट काठमाडौं आउने क्रममा बाढी पहिरोमा परेर ३ वटा गाडी पुरिएका थिए, जहाँ ३५ जनाको ज्यान गएको छ । साथै, काभ्रेमा पनि रोशी, बेथानचोक, पनौती र तेमालमा ठूलो क्षति भएको छ । काभ्रेमा मात्रै ६६ जनाको ज्यान गएको पनि बताइएको छ ।

त्यसैगरी, गृहले सिडिओ तानेलगत्तै प्रहरी प्रधान कार्यालयले धादिङका एसपी गौतम केसीलाई हेडक्वार्टर ल्याएको छ । केसीलाई काठमाडौं तानेपछि दीपेन्द्र शाहीलाई प्रहरी प्रमुख बनाएर पठाएको छ ।


## सलुसन हर्बल कम्पनी प्रा. लि.

SOLUTION HERBAL

केन्द्रिय कार्यलय -वनस्थली-१६ काठमाडौं, उद्योग- सिद्धलेक १, धादिङ्ग , बागमती प्रदेश, नेपाल

### दररेट प्रकाशित गरिएको बारे

उपरोक्त सम्बन्धमा यस उद्योगद्वारा उत्पादित तपसिल बमोजिमका आयुर्वेद औषधिहरूको खुद्रा मूल्य सरकारी संस्था, गैर सरकारी संस्था, थोक बिक्रेता, खुद्रा विक्रेता तथा उपभोक्ता लगायत सम्बन्धित सबैलाई मध्ये नजर गरि स्थानिय डिलरलाई दिइएको सूविधा समेत घटाई जानकारीका लागि मिति २०८१/०६/१२ देखि लागू हुने गरी दररेट प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

| क्र. सं | औषधिहरू | प्याक साइज | थोक मूल्य | खुद्रा मूल्य |
|---|---|---|---|---|
| १ | अविपत्तिकर चुर्ण | ५० ग्राम. | ७६।- | १२०।- |
| | | १०० ग्राम. | १४७।- | २३०।- |
| | | ५०० ग्राम. | ६४०।- | १०००।- |
| २ | हिंग्वास्तक चुर्ण | ५० ग्राम. | १०२।- | १६०।- |
| | | १०० ग्राम. | १९२।- | ३००।- |
| | | ५०० ग्राम. | ८००।- | १२५०।- |
| ३ | लवणभाष्कर चुर्ण | ५० ग्राम. | ७६।- | १२०।- |
| | | १०० ग्राम. | १६०।- | २५०।- |
| | | ५०० ग्राम. | ७३६।- | ११५०।- |
| ४ | सेतोपलादि चुर्ण | ५० ग्राम. | ८३।- | १३०।- |
| | | १०० ग्राम. | १६०।- | २५०।- |
| | | ५०० ग्राम. | ७३६।- | ११५०।- |
| ५ | पुस्यानुग चुर्ण | ५० ग्राम. | १०४।०- | १६५।- |
| | | १०० ग्राम. | २०४।०- | ३२०।- |
| | | ५०० ग्राम. | ८६४।- | १३५०।- |
| ६ | अमलाकी चुर्ण | ५० ग्राम. | ७०।- | १२०।- |
| | | १०० ग्राम. | १३०।- | २२०।- |
| | | ५०० ग्राम. | ५९०।- | १०००।- |
| ७ | त्रिफला चुर्ण | ५० ग्राम. | ४८।- | ७५।- |
| | | १०० ग्राम. | ९२।- | १५०।- |
| | | ५०० ग्राम. | ४१६।- | ६५०।- |
| ८ | रोहितकाद्य चुर्ण | ५० ग्राम. | १०२ ।- | १६०।- |
| | | १०० ग्राम. | १९२।- | ३००।- |
| | | ५०० ग्राम. | ८००।- | १२५०।- |
| ९ | तालीशादि चुर्ण | १०० ग्राम. | १६०।- | २५०।- |
| | | ५०० ग्राम. | ७३६।- | ११५०।- |
| १० | अश्वगन्धा चुर्ण | ५० ग्राम. | १२४।- | २१०।- |
| | | १०० ग्राम. | २२६।- | ४००।- |
| | | ५०० ग्राम. | १०२४।- | १६००।- |
| ११ | निम्वादि चुर्ण | ५० ग्राम. | ९०।- | १४०।- |
| | | १०० ग्राम. | १६०।- | २५०।- |
| | | ५०० ग्राम. | ८००।- | १२५०।- |
| १२ | त्रिकटू चुर्ण | १०० ग्राम. | १९२।- | ३००।- |
| १३ | पञ्चसकार चुर्ण | १०० ग्राम. | १३४।- | २१०।- |
| | | ५०० ग्राम. | ६४०।- | १०००।- |
| १४ | दशमूल चुर्ण/क्वाथ | १०० ग्राम. | १९२।- | ३००।- |
| | | ५०० ग्राम. | ८००।- | १२५०।- |
| १५ | यष्टिमधू चुर्ण | ५० ग्राम. | ८०।- | १४०।- |
| | | १०० ग्राम. | १४६।- | २६०।- |
| | | ५०० ग्राम. | ६७३।०- | ११५०।- |
| १६ | गूडूची चुर्ण | ५० ग्राम. | ८९।- | १४०।- |
| | | १०० ग्राम. | १६०।- | २६०।- |
| | | ५०० ग्राम. | ६४०।- | ११५०।- |
| १७ | बिल्वादी चूर्ण | ५० ग्राम. | ८९।- | १४०।- |
| | | १०० ग्राम. | १६०।- | २५०।- |
| | | ५०० ग्राम. | ७३६।- | ११५०।- |
| १८ | जामुन चूर्ण | ५० ग्राम. | ८९।- | १४०।- |
| | | १०० ग्राम. | १६०।- | २५०।- |
| | | ५०० ग्राम. | ७३६।- | ११५०।- |
| १९ | चन्दनादी चुर्ण | ५० ग्राम. | १०२।- | १६०।- |
| | | १०० ग्राम. | १९२।- | ३००।- |
| | | ५०० ग्राम. | ८००।- | १२५०।- |
| २० | ज्वानो चूर्ण | १०० ग्राम. | १४०।- | २५०।- |
| २३ | कायाप्लस चुर्ण | १०० ग्राम. | २१०।- | २५०।- |
| २२ | सतावरी ग्रेनूअल्स | १०० ग्राम. | १९४।- | ३५०।- |
| २३ | गन्धक रसायन | १० ग्राम. | १०२।- | १६०।- |
| | | १०० ग्राम. | ९६०।- | १५००।- |
| २४ | त्रिफला गूग्गल | २५ ग्राम. | १३४।- | २१०।- |
| | | १०० ग्राम. | ५४४।- | ८५०।- |
| २५ | योगराज गूग्गल | २५ ग्राम. | १६०।- | २५०।- |
| | | १०० ग्राम. | ६१४।- | १०००।- |
| २६ | कैशोर गूग्गल | २५ ग्राम. | १५०।- | २५०।- |
| | | १०० ग्राम. | ६१४।- | १०००।- |
| २७ | कञ्चनार गूग्गुल | २५ ग्राम. | १६०।- | २५०।- |
| | | १०० ग्राम. | ६४०।- | १०००।- |
| २८ | महायोगराज गूग्गल | १० ग्राम. | १७९।- | २८०।- |
| | | १०० ग्राम. | १६००।- | २५००।- |
| २९ | ग्यासोकल्प ट्याब्लेट | ३० ग्राम. | २१०।- | २५०।- |
| ३० | पाइलोकल्प ट्याब्लेट | ३० ग्राम. | २९४।- | ३५०।- |
| ३१ | अश्वगन्धा क्याप्सु | ३० ग्राम. | २००।- | ३२०।- |
| ३२ | निम क्याप्सूल | ६०क्याप | २००।- | २५०।- |
| ३३ | अर्जून क्याप्सूल | ६०क्याप | २१०।- | २५०।- |
| ३४ | शूद्ध शिलाजित | ६०क्याप | ३६५।- | ५७०।- |
| ३५ | चन्द्रप्रभा वट्टी | २५ ग्राम. | १६०।- | २५०।- |
| | | १०० ग्राम. | ६४०।- | १०००।- |
| ३६ | खदिरादि वट्टी | १०ग्राम. | ७६।- | १२०।- |
| | | १०० ग्राम. | ६४०।- | १०००।- |
| ३७ | सर्पगन्धघन वट्टी | २५ ग्राम. | १६०।- | २५०।- |
| | | १०० ग्राम. | ६४०।- | १०००।- |
| ३८ | दशमूल तेल | ५० एम.एल. | १२८।- | २००।- |
| ३९ | ज्यात्यादी तेल | ५० एम.एल. | १२८।- | २००।- |
| ४० | महानारायण तेल | ६० एम.एल. | १२८।- | २००।- |
| | | १००एम.एल. | २२४।- | ३५०।- |
| ४१ | मेन्थादी तेल | ३० एम.एल. | ९६।- | १५०।- |
| | | ६० एम.एल. | १६०।- | २५०।- |
| ४२ | वातारी तेल | १०००एम.एल. | ८००।- | १२५०।- |
| ४३ | टंकण भष्म | १०ग्राम. | ५५।- | ८५।- |
| | | १०० ग्राम. | ५१२।- | ८००।- |
| ४४ | मृगमदासव | १५ एम.एल. | ६४।- | १००।- |
| ४५ | श्वास भूषण | १५ एम.एल. | ६२।- | ९८।- |
| ४६ | तुलसी काढा | १०० ग्राम. | १२८।- | २००।- |
| ४७ | गूडूची काढा | १०० ग्राम. | ८०।- | १२५।- |
| ४८ | प्रेशाकल्प ट्याब्लेट | ३० ग्राम. | २३९।- | २८५।- |
| ४९ | षड्विन्दु तेल | १५ एम.एल. | ६४।- | १००।- |
| ५० | महासुर्दशन | ५० ग्राम. | ९६।- | १५०।- |
| ५१ | बालामृत एस | ६० एम.एल. | ७०।- | ११०।- |
| | | ११०एम.एल. | ८९।- | १४०।- |
| ५२ | च्यावन प्राश | २०० ग्राम. | २१०।- | २५०।- |
| | | ५०० ग्राम. | ३४८।- | ४१५।- |
| ५३ | महाशंख वट्टी | १०० ग्राम. | ७६८।- | १२०० |
| | | १० ग्राम. | ८३।- | १३०।- |



**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका **श्री साउदी नेपाल रिक्रुटमेन्ट एजेन्सी प्रा.लि. (ई.प.न. ७९७/०६५/६६)** को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिस गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित मितिले ३५ (**पैंतीस**) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविकको शेयरधनीको नाम/शेयर संख्या | अव कायम हुने शेयरधनी नाम/शेयर संख्या |
|---|---|
| १. सोम बहादुर लो तामाङ (०१- ३५०००)<br>२. नन्द लाल छत्याल (३५००१- ७००००) | १. सोम बहादुर लो तामाङ (०१- ७००००) |



**Samar Trade Concern**
**Chabahil, Kathmandu, Nepal**

| ITEM NAME | MODEL NO. | MRP |
|---|---|---|
| RANGEHOOD | HX-1 | 10050 |
| RANGEHOOD | T2 | 10300 |
| RANGEHOOD | T3 | 10600 |
| RANGEHOOD | S-21 | 15500 |

*Maximum Retail Price:*
**Mobile No: 9851094690**



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथमपटक प्रकाशित मितिः २०८१/०६/१५**

यस कम्पनीको मिति २०८१/०५/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **डि.एस.गोले कन्स्ट्रक्सन प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **डि.एस.पि. इन्फ्रा प्रा.लि**. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०५/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **डि.एस.पि. इन्फ्रा प्रा.लि**. (प्रा.लि.नं.९०५१) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



**सूचना !**

Taidoc Techonology Corporation द्वारा उत्पादित Saify Traders मार्फत विक्री भइरहेको Smart Care Blood Glucose Monitoring Strip को अधिकतम थोक मूल्य प्रति एकाई (भ्याट नलाग्ने) रु.३१ (एकतीस रूपैया) रहेको जानकारी गराइन्छ ।

**आधिकारिक विक्रेता** : **माउन्टेन इन्टरप्राइजेज**
**रामधुनी-३, झुम्का, सुनसरी**



नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
**भुमि सुधार तथा मालपोत कार्यालय**
सर्लाही, मलंगवा

**३५ दिने सार्वजनिक सूचना**

जि. सर्लाही साविक गा.वि.स. बारउद्धोरण वार्ड नं. २ हाल विष्णु गा.पा. वार्ड नं. २ मा वस्ने **जयकिसुन सिंह राजपुत** नाउँको हकदावी गर्न आउने बारेको सूचना ।
उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही गा.वि.स. बारउद्धोरण वार्ड नं. ९ हाल विष्णु गा.पा. वार्ड नं. २ मा वस्ने **जसोदा देवी** को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. पकडी वार्ड नं. ५ख कि.नं. ५२ को क्षेत्रफल ०-४-१४.१।५ जग्गाको मोही महलमा जि. सर्लाही साविक गा.वि.स. बारउद्धोरण वार्ड नं. २ हाल विष्णु गा.पा. वार्ड नं. २ मा वस्ने **जयकिसुन सिंह राजपुत** को नाम उल्लेख रहेकोमा जग्गा धनीले **भगुवा मोही लगत कट्टा** गरि पाउँ भन्ने निवेदनमा मिति २०८१/५/३० गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **भगुवा मोही लगत कट्टा** तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।



## Invitation for Bids

**Karaiyamai Rural Municipality**
**Karaiya, Bara**
**Madhesh Province**

Date of publication: 01-10-2024 00:00

1. The null has allocated funds towards the cost of Construction of Blacktopped Road & RCC drain from Karaiya, Tetariya, Sedhwa,Shihorwa to Madhuwan and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of Blacktopped Road & RCC drain from Karaiya,Tetariya, Sedhwa, Shihorwa to Madhuwan (Contract No: KRM/NCB/W/01/2081/082). Bidding is open to all eligible bidders as per Section V of Bidding Document.
2. Karaiyamai Rural Municipality invites electronic bids from eligible bidders for the construction of Blacktopped Road with Drainage under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding: Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 39000000 Minimum Work experience of similar size and nature: 10386000
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in onesealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Karaiyamai Rural Municipality, Bara, Madhesh Pradesh, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. If hard-copy is allowed then a complete set of Bidding Documents may be purchased from the office Karaiyamai Rural Municipality, Bara, Madhesh Pradesh, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 5000.0 NRs. till 31-10-2024 12:00 during office hours.

Or

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below

Information to deposit the cost of bidding document in Bank
Name of the Bank: Kumari Bank Ltd.
Name of the Office: Karaiyamai Rural Municipality
Office Code no: 801022109
Office Account no: 2610247287300005
Rajaswa (revenue) Shirshak no: 14229

6. Pre-bid meeting shall be held at Karaiyamai Rural Municipality, Karaiya Bara at 21-10-2024 14:00 hours
7. Sealed or electronic bids must be submitted to the office Karaiyamai Rural Municipality, Bara, Madhesh Pradesh, Nepal by hand/courier or through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 31-10-2024 12:00. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 31-10-2024 13:00 hours at the office of Karaiyamai Rural Municipality, Karaiya Bara . Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 800000 which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



प्रदेश सरकार
## खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय
कोशी प्रदेश, विराटनगर

### खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालयको जनहितमा जारी सूचना !!!

सिंचाई प्रणालीको विकास र विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरौं । सबै प्रकारका पानीका स्रोत, मुहान, कुलो, पैनी नहर आदिको संरक्षण र सम्बर्द्धन गरी आकासे पानीबाट संकलित पोखरी, भूमिगत लिफ्ट, सतह आदि सिंचाई प्रणाली मार्फत पानीका थोपा-थोपालाई कृषिमा प्रयोग गरौं । सडक पुर्वाधार जस्ता अन्य भौतिक संरचना निर्माण गर्दा कुलो पैनी नहरको संरचनामा क्षति नपुर्याऔं, क्षति पुगेमा क्षति पुर्याउने निकायबाटै तत्काल मर्मत संभार गराऔं । सिचाई प्रणालीमा कम उर्जा खपत गर्ने र नविकरणीय उर्जावाट चल्ने उपकरणहरूको प्रयोग गरौं ।

आधुनिक प्रविधि र उन्नत जातका विउविजनको प्रयोग, वालीमा विविधिकरण र परिवर्तन तथा नगदेबालीलाई प्राथमिकता दिई परम्परागत कृषि पेशाबाट आधुनिक व्यवसायिक र भरपर्दो पेशामा रूपान्तरित भई स्वदेशमै समुन्नत भविष्य निर्माण गरौं । अर्गानिक कृषि उत्पादनमा जोड दिई मानव स्वास्थ्य प्रति संवेदनशिल बनौं ।

वर्षाको समयमा बाढी पहिरो तथा कटान जस्ता जल उत्पन्न प्रकोप आउन सक्ने भएकाले नदिको प्राकृतिक बहावलाई अवरोध पुर्याई किनाराहरु अतिक्रमण गरेर संभावित कटान, पहिरो जस्ता जोखिम युक्त क्षेत्रमा संरचना निर्माण गरी वसोवास नगरौं । नदि कटान, पहिरो रोकथाम तथा माटोको संरक्षणका लागि बनाईएका संरचनाहरूको संभार र संरक्षण गरौं । जलवायु परिवर्तन प्रति सचेत रहौं । वर्षाको पूर्व जानकारीको लागि जल तथा मौसम विज्ञान विभागको www.hydrology.gov.np वेभसाइटको सूचनाहरूबाट सु-सुचित रहौं ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## गैरजिम्मेवार सरकार प्रमुखहरू

संकट होस् या समृद्धि, यो दुई पाटा हेर्न सरकार प्रमुखहरू, देशको शासनपद्धति हेरे पुग्छ । यसपटकको वर्षा र बाढीपहिरोमा सरकार प्रमुखहरूले हदैसम्मको गैरजिम्मेवारीपन देखाएका छन् । कतिसम्म भने बाढीपहिरोमा परी २०० भन्दा बढीले ज्यान गुमाइसकेपछि अमेरिकाबाट काठमाडौं उत्रिएका प्रधानमन्त्री केपी शर्मा ओलीले 'फोरकास्ट गरेको थियो 'रेड अलर्ट' भनेर तर कहाँकहाँ पहिरो जान्छ त भनेको थिएन ऊ गएपछि थाहा हुने कुरा भयो । काठमाडौंमा यति डुबान हुनेगरी आउँछ भनेर कल्पना गरिएको थिएन' भन्दै रिस पोख्ने काम गरे ।

बाढीपहिरोमा परी काठमाडौं उपत्यकामै ५६ जनाले ज्यान गुमाए भने कयौं घाइते भए । आफू अमेरिका सयरमा निस्कँदा प्रधानमन्त्री ओलीले उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहलाई कार्यवाहक सरकार प्रमुख बनाएर राखेका थिए । कार्यवाहकको त झन् कुरै गरिसाध्य छैन । बाढीपहिरोले काठमाडौं उपत्यका डुबानमा परेकै दिन सिंह बबरमहलसमा दाँवाली मिलन क्लबको माला र सम्मान थापेर बसिरहेका थिए । यतिमात्र हैन कार्यवाहक सिंह आइतबार युरोपियन युनियनको सम्मान थाप्न पोखरा पुगेका थिए ।

जल तथा मौसम विज्ञान विभागले वर्षाको उच्च जोखिम भनी पूर्वानुमान गर्दा राष्ट्रपति रामचन्द्र पौडेलले पनि टेरेनन् । पौडेल कार्यवाहक प्रधानमन्त्री सिंहसहितको टोली लिएर बिहीबार नवलपरासीमा बनेको सुस्ता पुल उद्घाटन गर्न पुगे । जबकि, सोही दिनबाट वर्षा सुरू हुने भन्दै उक्त जिल्लालाई पनि विभागले उच्च जोखिमको सूचीमा राखेको थियो ।

यो विपद्मा गृहमन्त्री रमेश लेखक र रक्षामन्त्री मानवीर राईको पनि कुनै तदारुकता देखिएन । राजनीतिक दलका शीर्ष नेताहरू एकले अर्कालाई आरोप लगाएरै समय कटाउन व्यस्त देखिए । ती दलका युवा शक्ति र विद्यार्थी शक्ति कुन दुलामा लुके अत्तोपत्तो पाइएन ।

यो त भयो राजनीतिक नियुक्तिबाट बनेका सरकार प्रमुखहरूको अटेरीपन । स्थायी सरकारका रूपमा हेरिने प्रशासन हाँक्दै बसेका मुख्यसचिव एकनारायण अर्यालसमेत यो दौडमा पछि परेनन् । उनी त अझ आफ्नो गृहजिल्ला स्याङ्जा पुगेर धुमधडकासहितको सम्मान थापेर आइपुगे आइतबार ।

कतिसम्म भने आइतबार मृतक र घाइतेको संख्या थपिँदो थियो । देश शोकमा परेको बेला अर्यालले पञ्चेबाजासहित फूलमालामा सजिएर आँधीखोला गाउँपालिकालगायत स्थानमा छाता ओडेरै सम्मान लिएका थिए । देशको अवस्था कस्तो छ, देश किन यस्तो बन्दै छ भनेर अरू कतै हेर्न परेन । यी नै गैरजिम्मेवार प्रमुखहरूलाई हेरे पुग्छ ।

# पहिरोको जोखिम र बढ्दो सवारी दुर्घटना



■ प्रा. विशालनाथ उप्रेती

हरेक सडक बनाउँदा भौगर्भिक अध्ययन गर्नुपर्दछ । हाम्रो जस्तो हिमालय क्षेत्रको भूगर्भ अन्य देशसँग मेल खाँदैन । हाम्रोजस्तो पहाडी मुलुकमा सडक निर्माण गर्दा सुरुङलाई नै प्राथमिकता दिनुपर्छ । सुरुङमा हुने खर्च भनेको एकपटक गरिने खर्च भएकाले दीर्घकालीनरूपमा त्यति महँगो हुँदैन । एउटा पहिरोको रोकथाम गर्न करोडौं रूपैयाँ खर्च गर्दा पनि दिगो रोकथाम हुन सक्दैन । यसले सडक सुरक्षा र दिगो सञ्चालन एवं जनधनको क्षति हुनबाट रोक्न सकिन्छ । सडक विस्तार गर्ने क्रममा जथाभावी पहाड काट्नुभन्दा सुरुङ वा पुलहरूको निर्माणमा ध्यान दिनु बुद्धिमानी हुन्छ ।

नेपालमा सवारीसाधनको संख्या साढे चार लाखभन्दा बढी पुगिसकेको छ । त्यसैगरी सवारीसाधनको भित्रिने क्रम प्रत्येक वर्ष १० देखि १७ प्रतिशतका दरले वृद्धि भइरहेको छ । यस्तो अवस्थामा सवारीसाधन बढ्दै जाने तर सडकको अवस्था दयनीय रहँदा सवारी दुर्घटनामा बढोत्तरी हुने गर्दछ । नेपालमा सडक विस्तारको क्रम तीव्र छ । हाल देशको कूल सडक सञ्जाल करिब ६४ हजार ५०० किलोमिटर रहेको छ । त्यसमा १३ हजार ५०० किलोमिटर राजमार्गमा पर्दछ । अन्य देशको तुलनामा सडकको घनत्व पनि निकै कम छ । यहाँ १४ किलोमिटर प्रतिसय वर्ग किलोमिटर (०.९ किलोमिटर) रहेको छ ।

### दुर्घटनाको यस्तो छ तथ्यांक

नेपालको सडक विपद्को दृष्टिले निकै उच्च जोखिममा रहेको छ । सडकको दुरावस्थाले प्रकोपलेभन्दा बढी मानिस मरिरहेका छन् । विश्व स्वास्थ्य संगठनको सन् २०१८ को तथ्यांकअनुसार यहाँ वर्षमा एक लाख मानिसमा १६ जनाको सडक दुर्घटनामा मृत्यु हुने गरेको छ । यहाँ दर्ता भएका एक लाख सवारीसाधनमध्ये बर्सेनि ४५० वटा दुर्घटनामा पर्दछन् ।

नेपाल प्रहरीको २०१९ को तथ्यांकअनुसार सन् २०१६ मा १६ हजारवटा सडक दुर्घटना हुँदा दुई हजार ३८४ जनाको मृत्यु हुने गर्दछ भने चार हजार २५० जना शक्त घाइते र आठ हजार २९० जना सामान्य घाइते भएका थिए । सन् २०१९ मा १३ हजार वटा सडक दुर्घटना भएकामा दुई हजार ७३६ जनाको ज्यान गएको थियो भने १० हजार ७३१ जना सख्त घाइते भएका थिए । सन् २०२० मा सडक दुर्घटनाबाट चार हजार ६६५ जनाको मृत्यु भएको थियो ।

विश्व स्वास्थ्य संगठनका अनुसार जापानको तुलनामा नेपालमा बस, कार, ट्रकको दुर्घटना हुँदा यात्रुको मृत्यु हुने सम्भावना सय गुणाभन्दा बढी रहन्छ । यो संख्या छिमेकी मुलुक भारतको तुलनामा १० गुणा बढी हो । अन्य देशको तुलनामा दुर्घटनापछि बाँच्ने सम्भावना नेपालमा निकै कम रहेको छ । नेपालमा एक लाख सवारीमा एक हजार ६७७ वटा दुर्घटना हुने गर्दछ भने भुटानमा ३०६, भारतमा १००, चीनमा ३६ र जापानमा सातवटा मात्र दुर्घटना हुने गर्छ । सन् २००७/८ अघिसम्म वर्षमा पाँच हजारभन्दा कमै सवारी दुर्घटना हुन्थ्यो भने २०१७/१८ मा आइपुग्दा यो संख्या दोब्बरले बढेको देखिन्छ । सन् २०२४ मा यो संख्या झनै बढी रहेको पाइन्छ । नेपालजस्तो सानो मुलुकमा सवारी दुर्घटनाकै कारण यति ठूलो संख्यामा मानिसको ज्यान गुमाउनु सामान्य विषय हुन सक्दैन । दुर्घटनामा निर्दोष नागरिकले अकालमा मृत्युवरण गर्नुपरेको, कति अपांग जीवन बाँच्न बाध्य छन्, धनजनको क्षति त्यत्तिकै छ ।

नेपालमा मनसुनको बेला बाढी, पहिरोसँगै सवारी दुर्घटना पनि बढी हुने गरेको छ । मनसुनसँग विपद् प्रत्यक्ष जोडिएको छ । हाम्रो सडकको अवस्था राम्रो छैन । सडकको चौडाइ र निर्माण गर्दा मापदण्डअनुसार छैन । त्यस्तै धेरैजसो सडकको बनावट निर्माण गर्नुअघि भौगर्भिक अध्ययनअनुसार गरिएको छैन । भौगर्भिक अध्ययनका लागि लाग्ने खर्चलाई हिच्किचाउने गरिन्छ । केही वर्ष अघिसम्म सडक बनाउँदा जथाभावी विष्फोट गरी बनाउने गर्दा त्यसले पछिसम्म पनि सडकको दायाँबायाँ पहिरो जाने गर्दछ । यसको उदाहरण नारायणगढ-मुग्लिन सडकलाई हेर्न सकिन्छ । यहाँ जति नै खर्च गरेर मर्मत गरिए पनि दिगो रूपमा पहिरो रोकथाम हुन सक्दैन ।

मानिस भौतिक सुविधामुखी भएकाले गर्दा जहाँ कुनै सडकको अपरिहार्यता छैन, त्यहाँ पनि सडक निर्माण गर्ने होड चलेको छ । अहिले स्थानीय तहले निर्माण गरेका ग्रामीण सडक पहिरोको उच्च जोखिममा रहेका छन् । यसो हुनुको मुख्य कारण भौगर्भिक इन्जिनियरिङ अध्ययन नगरी डोजरको ड्राइभरले जथाभावी सडक खन्दा यो समस्या आएको हो । गाउँगाउँमा सडक पुग्नु राम्रो हो तर इन्जिनियरिङ तरिकाले नबनाई गाउँ माथि सडक खन्ने र तल बस्ती रहँदा पहिरो गई घरहरू पुर्ने गरेको छ । नेपालको हिमाली क्षेत्र भौगर्भिक हिसाबले निकै कमजोर छ । लामो भिरालो पहाडको फेदमा सडक निर्माण गर्दा पहिरो आउने सम्भावना उच्च रहन्छ । वर्षा धेरै हुने देशहरूमध्ये नेपाल पनि पर्दछ ।

विगत ५०/६० वर्षको तथ्यांकलाई हेर्दा महाभारत शृंखलाको उत्तर र दक्षिणमा धेरै पानी परेको पाइन्छ । बंगालको खाडीबाट आउने मनसुन महाभारतको दक्षिणमा ठोकिन्छ र त्यहाँ धेरै पानी पर्छ । सन् १९९० मा ४५० मिलिमिटरभन्दा बढी पानी पर्दा यस क्षेत्रमा ठूलो बाढी पहिरो गई निकै नोक्सानी गरेको थियो । यसै वर्षको मनसुनमा चाँदनी दोधारा क्षेत्रमा झण्डै ६०० मिलिमिटर पानी परेको थियो भने अघिल्लो साता काठमाडौं उपत्यकामा २०० मिलिमिटरभन्दा बढी वर्षा हुँदा ठूलो जनधनको क्षति भएको थियो । मुग्लिन-नारायणगढ, नागढुंगा-मुग्लिन र त्यहाँबाट पोखरासम्म भएको भीषण वर्षाका कारण सवारी दुर्घटनाबाट धेरैको ज्यान गएको छ ।

### सडक सुरक्षाका लागि सुरुङमार्ग

मुग्लिन-नारायणघाट सडकको झण्डै ३० किलोमिटर महाभारतमा पर्दछ । यो क्षेत्रमा बर्सेनि पहिरोको कारण धेरै सवारी दुर्घटनाहरू हुने गरेको छ । मर्मतसम्भारका लागि बर्सेनि अर्बौं रूपैयाँ खर्च हुँदा पनि पहिरो रोकथाम हुन सकेको छैन । यो समस्याको दिगो समाधानका लागि दुई-तीन किलोमिटरका दुई-तीनवटा सुरुङ निर्माण गर्नै पर्छ । जापान सरकारले बनाएको बनेपा-बर्दिवास सडक निकै महँगो सडक हो । यो सडक पनि पहिरोको उच्च जोखिममा रहेकाले ठाउँठाउँमा सुरुङ बनाउनु आवश्यक छ । यस सडकमा कम्तीमा दुईवटा सुरुङ निर्माण गर्न सकिएमा पहिरोको जोखिमबाट बच्न सकिनाका साथै यात्राको समय पनि झण्डै आधा घट्छ । यात्राको समय घट्नु भनेको इन्धनको खपत पनि कम हुनु हो ।

नेपालको तराईबाट पहाडी जिल्ला जोड्ने अधिकांश सडक चुरे र महाभारत शृंखला पार गरेर जाने हुँदा सामान्य वर्षामा पनि पहिरोको जोखिम रहने गरेको छ । ती सडकहरूमा सुरुङ निर्माण गर्न सकिएमा पहिरोको जोखिम कम हुनाका साथै तराई र मध्यपहाडी जिल्लाहरूबीचको दूरी निकै नै कम हुन जान्छ । २५-३० वर्षअघिसम्म सुरुङमार्ग बनाउने कुरा निकै कठिन र खर्चिलो मानिन्थ्यो । स्वयं इन्जिनियरहरू पनि यसको पक्षमा थिएनन् । तर, अहिले विश्वव्यापीरूपमै प्रविधिको विकाससँगै सुरुङमार्गलाई निकै सुरक्षित र कम खर्चिलो मान्न थालिएको छ ।

बुटवल-पाल्पा, धरान-धनकुटा सडकमा पनि सुरुङ निर्माण गर्नुपर्ने देखिन्छ । भीमदत्त राजमार्गको भासु पहाडमा पनि सुरुङ निर्माण गर्न सकिन्छ । तत्कालीन राजा महेन्द्रको पालामा निर्माण भएको ललितपुरको टीकाभैरव-हेटौंडाको कान्ति राजपथ पहिरोको उच्च जोखिममा रहेको छ । महाभारत शृंखलामा रहेको यो सडक हरेक वर्ष बर्खायाममा पहिरोको जोखिम हुने गरेको छ । यस खण्डमा रहेका दुईवटा ठूला पहिराको जोखिमबाट बच्न एउटा ५०० मिटर र अर्को २०० मिटरको सुरुङ निर्माण गर्नुपर्ने देखिन्छ । ५०० मिटरसम्मको सुरुङमार्गमा भेन्टिलेसन र बत्तीको आवश्यकता पनि पर्दैन । यस्ता सुरुङहरू दुई-तीन महिनामै तयार हुन सक्दछ ।

हरेक सडक बनाउँदा भौगर्भिक अध्ययन गर्नुपर्दछ । हाम्रो जस्तो हिमालय क्षेत्रको भूगर्भ अन्य देशसँग मेल खाँदैन । हाम्रोजस्तो पहाडी मुलुकमा सडक निर्माण गर्दा सुरुङलाई नै प्राथमिकता दिनुपर्छ । नर्वे, जापानजस्ता देशहरूका अहिले कूल सडक ६० प्रतिशतभन्दा बढी सुरुङ, ३० प्रतिशतजति पुल र बाँकी खुला सतहमा रहेको छ । चीन, भारतलगायत देशहरूले पछिल्लो समय सुरुङमार्गमा व्यापक जोड दिएका छन् ।

सुरुङमा हुने खर्च भनेको एकपटक गरिने खर्च भएकाले दीर्घकालीनरूपमा त्यति महँगो हुँदैन । एउटा पहिरोको रोकथाम गर्न करोडौं रूपैयाँ खर्च गर्दा पनि दिगो रोकथाम हुन सक्दैन । यसले सडक सुरक्षा र दिगो सञ्चालन एवं जनधनको क्षति हुनबाट रोक्न सकिन्छ । सडक विस्तार गर्ने क्रममा जथाभावी पहाड काट्नुभन्दा सुरुङ वा पुलहरूको निर्माणमा ध्यान दिनु बुद्धिमानी हुन्छ ।

नेपाल पनि सुरुङ निर्माणको युगमा प्रवेश गरेको छ । जलविद्युत् आयोजनाहरूम झण्डै २०० किलोमिटर सुरुङ निर्माण भइसकेको छ । नागढुंगा-सिस्ने सुरुङमार्गले नेपालको सडक यातायातमा नयाँ आयाम थपेको छ । तराई मधेस द्रुतमार्गमा निर्माण भएका सुरुङले काठमाडौं-तराई बीचको दूरीमात्र कम गरेको छैन, सडक सुरक्षामा पनि ध्यान दिएको छ । यद्यपि, यो क्षेत्र चुरे र महाभारत शृंखलामा पर्ने भएकाले कतिपय ठाउँमा पहिरोको जोखिम रहेको छ । त्यस्ता ठाउँहरूमा भेटिभरजस्ता वनस्पतिहरूको प्रयोग गरी बायोइन्जिनियरिङबाट पहिरो रोकथाम गर्न सकिन्छ । तर, विडम्बना, मुख्य जिम्मेवारी रहेको सडक विभागमा एकजना पनि भू-गर्भविद् र भू-प्राविधिकको दरबन्दी छैन । परामर्शदातामार्फत सडक विभागले सेवा लिने गरेता पनि विज्ञ सेवा प्राप्त गर्न सकेको छैन ।

***(वरिष्ठ भूगर्भविद् उप्रेतीसँग राससले गरेको कुराकानीमा आधारित)***

## मननयोग्य

### चाणक्य नीति

**विदुरको जन्म**

महाराज शान्तनुका दुई महारानीमध्ये जेठी गंगाबाट देवव्रत भीष्म जन्मिए । उनले आफ्ना पिताको खुसीको खातिर विवाह नै नगरी आजीवन या प्रतीज्ञा गर्दै (म्भाबअतय ॠउभचयच) को रूपमा हस्तिनापुरको राजकाजको रेखदेख गर्ने गरेर नै आफ्नो जीवन बिताए । शान्तनुकी कान्छी महारानी केवट राजकी छोरी सत्यवती थिइन् । उनवाट गदर वीर्य नाउँ गरेका दुई पुत्र पैदा भएका थिए । शान्तनुपछि उनका छोरा चित्रांगद राजा भए यिनको अकाल मृत्यु हुँदा उनका भाइ बाचबत राजा भए । राजमाता सत्यवतीको आग्रहमा काशीका राजाका दुई छोरी अम्बिका र अम्बालिकासँग विचित्रवीर्यको भीष्मले विवाह सम्पन्न गराइदिएका थिए । विचित्रवीर्यको पनि अल्पायुमै (कुनै सन्तान पैदा हुनु अगाडि नै मृत्यु भयो । हस्तिनापुरलाई राज्य उत्तराधिकारीको अभाव हुन गयो । भीष्म, कुलगुरु आचार्य विभूति र उनका पिता आचार्य ब्राह्मिष्ठ, आचार्य देवपाल, भीष्मका काका सुकेतु कूटनीतिज्ञ कणिक, वेदव्यास र राजमाता सत्यवतीसमेत भई सल्लाह गरे । राजमाता सत्यवतीबाट नै जन्मिएका वेदव्यासलाई विधवा बुहारी अम्बिकालाई गर्भाधान गराउने र उनबाट पैदा भएको पुत्र हस्तिनापुरको राजगद्दीमा बसाउने निधो भएबमोजिम सत्यवतीले वेदव्यासलाई आग्रह गर्दै भनिन्छ- हेर छोरा ! तिमीजस्तो तपस्वी माहात्मा हुँदा हुदै हाम्रो कुरुवंश डुब्न लागेको छ, भीष्म आजीवन ब्रह्मचारी छन् विचित्रवीर्य मरिसक्यो अब हाम्रो वंश कसले चलाउने ? तिमीले नै आफ्नो तपस्याको प्रभावले हाम्रो वंशको सञ्चालन गरिदेऊ ।' व्यासजीले आफ्नो आमाको आग्रहलाई लत्याउन सकेनन् उनले आमालाई भने "अम्बिका वा आम्बालिका यदि मेरो अगाडि निर्वस्व आए भने दृष्टि शक्ति पाएर उनीहरूले सन्तान जन्माउन सक्नेछन् ।"

सत्यवतीले दुवै बुहारीलाई पालैपालो गरेर व्यासको अगाडि पठाइदिइन् । क्रमश:




## तँलाई ठेट्ना, लेख्लास् पख् !

उसले ऊ लेखेको रैछ । त्यसरी ऊ गरेर, उसलाई घुस खाको प्रमाणित गर्न खोजेपछि उसकै हातमा भएको ऊ अधिकार प्रयोग गरेर उसलाई दसैं आयो भनेर मामा घर पठाको रे ! त्यसरी ऊ गरेको कुरा पनि लेख्न पाइन्छ ? बबरमहलको छेउको पसलमा दुई घुट्की चियाको चुस्की लगाएर कालोकोटे उफ्रिँदै थिए ।

लेखे पनि घुमाएर फकाएर लेख्नु नि ! ठ्याम्मै आवाज नै पो हाल्दिएछन् यार ! तिनलाई यति उपद्रो गरेपछि बड्डाले पनि तीन महिनाका लागि जगन्नाथ देवलको छेउमा पुग्नेगरी ऊ गरिदिए छन् । निधारको पसिना पुछ्दै कालोकोटे खित्का छाँड्दै हाँस्यो ।

ऊ सँगैको अर्को कालो कोटेले थप्यो । त्यत्ति सारोचाहिँ अधिकार प्रयोग नगरेको भए पनि हुन्थ्यो । दूधले न्वाएको बादशाह त कोही थिएनन् । ज्यानै मार्ने मान्छे त मज्जाले खेलोफड्को गरेर बस्या छन् । विचरा ती ठेट्ना जोसिएका हुन् नि । यत्ति धेरैचाहिँ नजोसिनु है भन्देको भए पनि त हुन्थ्यो नि ! जगन्नाथ मन्दिरकै छेउमा पुर्‍याउनु आवश्यकचाहिँ थिएन लौ । यो त भूतमन्छे जस्तो भो ।

यत्तिको गरेको ठीकै हो के, कस्तो कुरा गर्नुहुन्छ तपाइँ पनि ? कम बेइज्जत गरे ती ठेट्नाले ! अब लेख्लान् ?

उसको कुरा अर्को कालोकोटेलाई मन परिरहेको थिएन । जगन्नाथ देवल पुग्नु ठूला कुरा भएन नि श्रीमान् ! रिसइबी साँधेको जस्तो न्यायले भोलि के नजिर बस्छ भन्ने कुरा हो नि । तपाई हामीले आफ्नो पेसालाई कत्तिको मर्यादित बनाएका छौं भन्ने कुरा पनि त छ नि ? उनले प्रश्न गरे ।

कालाकोटे साथीलाई कुरा अलि अपच भएको जस्तोगरी आउँ परेको अनुहारमा भन्न थाले । त्यो हाम्रो कुरा हो नि जसरी हुन्छ ग्राहकसँग लिने हो नि । उनको उत्तर झर्न नपाउँदै अर्कोले भने हो, त्यही कमजोरी हो नि । आफूले गरेको ठीक, अरूले गरेको बेठिक भन्ने पनि हुन्छ कतै ?

ऊ चोर भए तपाईं पनि चोर, म पनि चोर भन्न न नमिल्ला त्यसमध्ये एक पो चोर हुनसक्छ छ सबै श्रीमान् हरूलाई नभनेको पनि हुनसक्छ ।

छाड्दिनुस यस्ता कुरा तर जे भो राम्रै भो जस्तो लाग्छ है । उनले गिलासको चिया सुरूपप पारेर हिँडिहाले । के गर्नु कुरा जित्न नसकेपछि साथीहरूको कुरा नै के हो के !

कुरा सीधा थियो कि बांगो भन्ने कुरा त छँदै छ नि । आफूले गरेको गल्तीलाई लुकाउन अरुलाई नै दोषी देखाउनु त हुँदै भएन ल । ती कालोकोटे एक्लै बोल्दै हिँडे ।

जगन्नाथ देवलमा जम्बो श्रीमान् हरूको आदेशले दुई अक्षरका खेती गर्ने नवीन र युवराजलाई तीन महिनालाई तह लगाउने प्रयास हो । तर तीनै जम्बो श्रीमान्हरूले साँच्चै नै सीधा तलवबाट मात्र काठमाडौंमा गुजारा गरेका होलान् त ? दूधले नुहाएका पक्कै छैनन् ।

शक्ति र सत्तामा हुनेहरूको पक्षमा मात्र लेख्ने हो भने त त्यो पर्चाकारिता भो । सत्य कुरालाई लुकाउनु आमनागरिकमाथि घात भो । झूठ कुरालाई साँच्चैजस्तो बनाएर प्रस्तुति गर्नु पनि पाप हो । जानेरै गरेको पापको क्षमा हुँदैन थियो ।

जगन्नाथ देवलमा पठाइएका ठेट्नाहरूलाई पख्लास्, लेख्लास् भनेर पठाएको अरे । तर, फर्सीका एउटा मुण्टा चुडाल्दा अरू थप दसौं मुण्टाहरू पनि फैलनसक्छन् । उही बबरमहल, सिंहदरबार वरपरका कालाकोटेको बहस चल्या रे ।

श्रीमान्हरू मिलाइमिलाइ हान्ने हो, कति जानेको । केटाहरूले जेल नै जानुपर्ने गरी त भनेका थिएनन् है । सेतो कपाल फुलेका अर्का कालाकोटेले बारको चमेना गृहमा गन्थन गर्दै थिए । यताबाट होइन भनेपछि उताबाट ठीकै छ त भनेर झिकेकै हो त । त्यत्ति भएपछि जगन्नाथ देवल नपुर्‍याएको भए पनि हुन्थ्यो । कपाल सेतै भएका कालोकोटेले ठेट्नाहरूप्रति दयाभाव देखाइरहेका थिए ।

सीधा कुरा भन्ने बांगाबांगा कुरा लेख्ने, के हो के त्यो ? त्यही बारको छेउमा रहेको सर्वोच्चको चमेनागृहमा कालोकोटेहरू नै बाँडिएका थिए । लेख्ने भनेकै बांगाबांगा कुरा त हो नि नत्र कसरी बिक्छ त समाचार ? समाचार बिकाउने नाममा केटा फसे ।

दिनेले दियो हाल्दिनेले हाल्दियो । अब स्वर नै नक्कली हो भनेर छुटचाउन पनि कहाँ जानु । त्यस्तो प्रविधि पनि त छैन । कसलाई विश्वास गर्ने कसलाई नगर्ने ? जनताकै दुईटा जिब्रा भए भएसी नेताको चारवटा अनि श्रीमान्का आठवटा हुनु ठीकै त हो, हैन त माड्साप ?

नक्कली स्वर काण्डले कालाकोटेदेखि चुत्थो अंगसम्मका लागि त्राहीत्राही बनाएको छ । नवीनको नवीनतम् भोगाइका लागि श्रीमान्हरूको आदेशमाथि थिच्ने परिषद्ले खासै चासो पनि दिएको छैन । थिच्ने परिषद्लाई पनि केको चासो ! सँगै रहेको नेऽ पालऽपत्र नभाको कारऽ महाको संघले त फुत्त एउटा चिर्कटोपत्र फाल्ने कामबाहेक केही गर्न सकेन !

ठेट्ना केटाहरू परे जगन्नाथ देवलतिर पुगे भन्ने कुरा ठूलो भएन तर यस्तै हो र कालाकोटे श्रीमान्हरूका सत्य शब्द ओकले भने अरूलाई यस्तै आदेश देलान् भन्नेमात्र चिन्ता हो नि बरै !

बाखा त हरायो हरायो तर बाघ पल्केको कुरालाई ख्याल नगर्ने हो भने संविधानको सुरूमा लेखेका कुरा नै क्या हो क्यो भन्ने दिन आउनसक्छ । थिच्ने (प्रेस) स्वततन्त्र होला भन्ने होला किन पख्लास् लेख्लास् भन्ने पो हो कि ?

न्याय नपाए' गोर्खा जानु भन्ने दिव्योपदेश जस्तैलाई शिरोपर गर्दै ठेट्नाहरूलाई न्याय नदिएर पख्लास् लेख्लास् भन्ने दिनको अन्त्य होस् । कस्ता-कस्ता आए, गुलेली खेलाए मटचांग्राको सत्यानाश !



**पैदलयात्रामा यात्रु** | अविरल वर्षाका कारण बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी गाउँपालिकाको विभिन्न स्थानमा बाढी र पहिरोले सडक भत्किएपछि अलपत्र परेका यात्रुहरू चार दिनपछि हिँडेर काठमाडौंतर्फ आउँदै गर्दा सोमबार नमोबुद्ध नगरपालिका-२ वेलाडाँडा आइपुगेका यात्रु । *तस्बिरः पेमा लामा/रासस*

# चितवनमा साउनयता स्क्रब टाइफसबाट २२९ संक्रमित, एकको मृत्यु

**चितवन-** गत साउनयता जिल्लामा २२९ जनामा स्क्रब टाइफसको संक्रमण देखिएको छ। संक्रमितमध्ये खैरहनी नगरपालिका-२ मा एक ६० वर्षीया महिलाको गत भदौमा मृत्यु भएको जिल्ला जनस्वास्थ्य कार्यालयले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत विमल पट्टेलले जिल्लाका विभिन्न अस्पतालमा साउनयता उपचारका लागि आएका एक हजार ८१५ बिरामीको परीक्षणका क्रममा २५९ जनामा स्क्रब टाइफसको संक्रमण देखिएको जानकारी दिए । संक्रमितमध्ये १३० जना चितवनका रहेका छन् भने १२९ जना जिल्लाबाहिरका रहेका उनले बताए ।

गत आर्थिक वर्षमा ७६२ जनाको परीक्षणका क्रममा २४८ जनामा स्क्रब टाइफस देखिएको थियो । यो रोग मुसा वा अन्य जीवजन्तुमा हुने संक्रमित किर्नाले मानिसलाई टोकेपछि सर्ने गर्दछ । यसबाट संक्रमण भएमा मानिसलाई उच्च ज्वरो आउने, आँखा रातो हुने, खोकी, बान्ता, पेट दुखाइ र पखालाले सताउने, सास फेर्न समस्या हुन, टाउ, जोर्नी र मांसपेशी दुख्ने, बिमिरा देखिने, टोकेको ठाउँमा कहिलेकाहीँ कालो दागजस्ता लक्षण देखिने गर्दछन् ।

यस रोगबाट बच्न खेत, झाडी वा वनजंगलमा जाँदा लामो बाहुला भएको कपडा र उपयुक्त जुत्ता लगाउने, शरीरको खुला भागमा कीटनाशक मलमको प्रयोग गर्ने, घर वरिपरिका खेताबारीमा घाँस धेरै बढ्न नदिने र वातावरण सफा राख्ने, मुसा नियन्त्रणका लागि उपयुक्त किसिमको अन्न भण्डारण गर्नुपर्ने पट्टेलले बताए । *रासस*

# खोटाङमा पहिरोले ३३ घर पुरिए, तराईसँग सीधा सम्पर्क टुट्यो

**खोटाङ (प्रस)-** अविरल वर्षासँगै आएको बाढी तथा पहिरोले जिल्लामा ३३ घर पुरिएका छन् । यस्तै ३८ घरमा आंशिक क्षति पुगेको छ । विपद्मा परी दुईजना घाइते भएका छन् ।



मानवीय क्षति नभए पनि करोडौं मूल्यबराबरको क्षति पुगेको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले जानकारी दिए । 'बाढी तथा पहिरोले जिल्लामा ठूलो क्षति पुगेको छ। क्षतिको पूर्ण विवरण अझै आइसकेको छैन,' उनले भने, '१० स्थानीय तह रहेको खोटाङमा बाढी तथा पहिरोबाट दुईजना घाइते भएका छन् भने १८ वटा पशुचौपाया मरेका छन् । विस्थापितहरूको उद्धारमा तीनै सुरक्षा निकायका टोली परिचालन गरेका छौं ।'

बाढी तथा पहिरोपीडितलाई तत्काल राहत उपलब्ध गराउन तथा पुनःस्थापनाका लागि आइतबार साँझ जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसेको थियो । प्रतिनिधिसभा सदस्य रामकुमार राईसहितको उपस्थितिमा आयोजित बैठकमा क्षतिको विवरण तत्काल संकलन गरी चाँडोभन्दा चाँडो राहत उपलब्ध गराउने निर्णय भएको जनाइएको छ । बाढी तथा पहिरोले घर बगाएर विस्थापित बनेका १३५ स्थानीयवासीलाई नजिकको विद्यालय तथा आफन्तकामा सारिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक पुरुषोत्तम खड्काले जानकारी दिए । 'बाढी तथा पहिरोले एउटा पक्की बगाउनाका साथै पाँचवटा झोलुंगे पुलमा क्षति गरेको जानकारी प्राप्त भएको छ । उद्धारमा खटिएका प्रहरीहरू अझै फिल्डमै छन्,' उनले भने, 'जिल्लामा भएको क्षतिको विवरण यो नै पूर्ण होइन । अहिलेसम्म विकासे योजनाबाहेक मानिसका घरमा मात्र ७९ लाख ९९ हजार रूपैयाँभन्दा बढीको क्षति भएको जानकारी प्राप्त भएको छ । थप विवरण आउन बाँकी छ ।'

बाढीका कारण खोटाङ र उदयपुरको सिमानामा पर्ने सुनकोशीस्थित फोक्सिङटारको पक्की पुल बगाएको छ । खोटाङ र उदयपुर जोड्ने बंशिलाघाट, ऐसेलुखर्क गाउँपालिका-४ जलेश्वरीस्थित कम्फुघाट, खोटाङ र उदयपुरकै धाप्लाङघाट, जन्तेढुंगा गाउँपालिका-१ रमिते र उदयपुर जोड्ने मैनाटार तथा दिप्रुङ चुइचुम्मा गाउँपालिका-४ बतासेस्थित भण्डारेघाटको झोलुंगे पुल बगाएको छ । वि.सं.२०७९ मा निर्माण सम्पन्न गरेर सञ्चालन गरिएको फोक्सिङटारको पक्की पुल तथा अन्य पाँच झोलुंगे पुलहरू शनिबारको बाढीले बगाएको हो ।

फोक्सिङटारको पुल बगाएपछि पूर्वी तराईसँगको सीधा यातायात सम्पर्क विच्छेद भएको छ । खोटेहाङ गाउँपालिका-९ लिच्कीराम्चे र उदयपुरको रौतामाई गाउँपालिका-५ आँपटार जोड्ने 'आर्क डिजाइन'को उक्त पुल बगाएपछि सीधा यातायात सम्पर्कविच्छेद भएको हो ।

# मधेस प्रदेशमा बाढीबाट ६ जनाको मृत्यु, ५६ लाखको क्षति

**जनकपुरधाम-** मधेस प्रदेशमा बाढीका कारण मृत्यु हुनेको संख्या छ पुगेको छ । मृत्यु हुनेमा एक बालिकासमेत रहेकी छन् । मृत्यु हुनेमा महोत्तरी र रौतहटका दुई-दुई तथा सप्तरी र सर्लाहीका एक-एकजना रहेका छन् ।

बाढीले बगाउँदा दुईजना बेपत्ता छन् भने आठजना घाइते भएका मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक सुवासचन्द्र बोहोराले जानकारी दिए । बेपत्ता हुनेमा सर्लाही र पर्साका एक-एकजना रहेका छन् । मधेसका आठ जिल्लामा बाढीबाट ५६ लाख रूपैयाँबराबर को क्षति भएको छ ।

बाढीबाट नौ पशुचौपायासमेत मरेका छन् । मृत्यु हुनेमा महोत्तरीको गौशाला नगरपालिका-८ का १६ वर्षीय रोहित साह र बर्दीवास नगरपालिका-११ का २१ वर्षीय मानबहादुर थिङ, सप्तरीको बलान बिहुल गाउँपालिका-४ घर भई हाल राजविराज नगरपालिका-८ मा बस्दै आएका आठ वर्षीय प्रिन्सकुमार साह, रौतहटको दुर्गाभगवती गाउँपालिका-४ का ३७ वर्षीय राजकुमार मुखिया र पर्रोहा नगरपालिका-७ की १४ वर्षीया आशाकुमारी साह तथा सर्लाहीको बलरा नगरपालिका-३ लक्ष्मीपुरका १२ वर्षीय अंकित ठाकुर रहेका छन् ।

यसैगरी सर्लाहीको बागमती नगरपालिका-९ का १५ वर्षीय मुकेश महतो सोती खोलाले बगाउँदा बेपत्ता भएका छन् । पर्सामा एक बालिका बेपत्ता भएकी छन् । आठ जिल्लामध्ये रौतहटमा तीन, सिरहामा एक, सर्लाहीमा एक तथा बारामा तीनजना घाइते भएका प्रहरी उपरीक्षक बोहोराले जानकारी दिए ।

बाढीबाट ९६ परिवारका ४८८ जना विस्थापित भएका छन् । बाढीमा फसेका ३५ जनालाई उद्धार गरिएको छ । सोमबारदेखि प्रदेशको जनजीवन सामान्य हुँदै गएको छ ।

### रौतहटमा बाढीले दुईको मृत्यु, ५५९५ विस्थापित

अविरल वर्षासँगै गएको बाढीले रौतहतमा दुईजनाको मृत्यु भएको छ भने डुबानका कारण पाँच हजार ५०० भन्दा बढी विस्थापित भएका छन् ।

प्रहरीकानुसार बाढी तथा डुबानका कारण सोमबारसम्म दुईजनाको मृत्यु भएको हो । दुर्गाभवानी गाउँपालिका-४ पचरुखी बस्ने ४५ वर्षीय राजकुमार मुखियाको माछा मार्ने क्रममा बाढीमा डुबेर मृत्यु भएको हो । यस्तै, परोह नगरपालिका-७ नरकटियामा घाँस काट्ने क्रममा १४ वर्षीया बालिका आशाकुमारी साहको पनि डुबेर मृत्यु भएको छ । बाढीमा परेर छ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी, प्रहरी निरीक्षक रामकुमार महतोले अविरल वर्षासँगै गएको बाढीले जिल्लामा एक हजार ८१० घरधुरीमा बसोबास गर्ने पाँच हजार ५९५ जना विस्थापित भएको जानकारी दिए । 'बाढीका कारण १३ घर भत्केको विवरण आइसकेको छ । एक हजार २४५ घर डुबानमा परेका जानकारी छ,' उनले भने, 'जिल्लाका सात ठाउँको सडक अवरुद्ध भएकोमा अहिलेसम्म तीन ठाउँमा सडक सञ्चालनमा आएको छ । यहाँका आठवटा प्रहरी चौकी विस्थापित भएका छन् ।'

विस्थापित हुने प्रहरी चौकीमा बेलबिछुवा, बसतपुर, बर्डवा, भन्सार सुरक्षा, कासुगार्ड, अस्थायी ट्राफिक पोस्ट गौर, इलाका प्रहरी कार्यालय बञ्जारा रहेका छन् । *रासस*

# महाकालीमा बेपत्ता मजदुरको अवस्था अज्ञात

**बैतडी (प्रस)-** महाकाली नदीमा लडेर बेपत्ता भएका मजदुर चार दिनसम्म पनि फेला पर्न सकेका छैनन् । शुक्रबार जिल्लाको पुर्चौडी नगरपालिका-५ कुवाकोटका ३३ वर्षीय अमरसिंह धामी भारतको पिथौरागढबाट मजदुरी गरेर घर फर्किरहेका बेला नेपाल-भारत सीमा नजिक दशरथचन्द नगरपालिका-८ झुलाघाटस्थित बसपार्क नजिकैबाट महाकालीमा लडेर बेपत्ता भएका थिए ।

शुक्रबार बिहान ११ बजेतिर जिप चढ्ने तयारी गरिरहेका अमर एक्कासि चिप्लिएर महाकाली नदीमा खसेका हुन् । बेपत्ता अमरको खोजीका लागि महाकाली किनार क्षेत्रमा सुरक्षाकर्मी परिचालन गरिएको प्रहरी प्रवक्ता प्रहरी निरीक्षक जनकराज ढुंगानाले जानकारी दिए ।

बेपत्ता अमरको खोजीका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल महाकाली किनार क्षेत्रमा परिचालन गरिएको छ । साथै खोजीका लागि भारतीय सुरक्षाकर्मीलाई पनि आग्रह गरिएको छ। लगातारको वर्षाले महाकालीको बहाव बढ्नाका साथै पानी धमिलो भएकाले खोजतलासमा समस्या भएको प्रवक्ता ढुंगानाले बताए ।

# पहिरोमा परी मृत्यु भएका तीन विद्यार्थीको शव हेटौंडा ल्याइयो

**बागमती (प्रस)-** मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको सिस्नेरीमा गएको पहिरोमा परी मृत्यु भएका अखिल नेपाल फुटबल संघ (एन्फा) एकेडेमीका छ जना विद्यार्थीमध्ये तीनजनाको शव हेटौंडा ल्याइएको छ ।

काठमाडौंस्थित शिक्षण अस्पतालमा शव परीक्षणपश्चात् मृतकमध्ये अनुपम घलान, साइमन योञ्जन र बाराका विकल रेग्मीको शव सोमबार बिहान हेलिकप्टरमार्फत हेटौंडा ल्याइएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले जानकारी दिए ।

यहाँ जिल्ला खेलकुद विकास समितिले श्रद्धाञ्जलीसभाको आयोजना गरेको छ । हेटौंडा उपमहानगरपालिका-४ हुप्रचौरस्थित मैदानमा आयोजित श्रद्धाञ्जलीसभामा मृतकका आफन्त, खेलाडी, खेलप्रेमी तथा स्थानीयहरूको उपस्थिति रहेको थियो । प्रजिअ चिलुवालले शव अन्त्येष्टिका लागि परिवारलाई बुझाइएको बताए ।

होस्टेलमा बसेर मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-३ टेकरस्थित वत्सला माध्यमिक विद्यालयमा अध्ययन गर्ने र एन्फा क्याम्पमा फुटबल प्रशिक्षण लिने ४० जना विद्यार्थीमध्ये हेटौंडाका घलान, योञ्जन, बाराको निजगढका रेग्मी, सिस्नेरीका दिवस बानियाँ, काठमाडौंका रियान्स आचार्य र सर्लाहीका आदित्य बलमपाकीको पहिरोमा परी शनिबार मृत्यु भएको थियो ।

### बागमती प्रदेशका १० जिल्लामा ११६ को शव फेला

यही असोज ११ र १२ गतेको अविरल वर्षासँगैको बाढीपहिरोमा परी मृत्यु हुनेको संख्या बागमती प्रदेशका १० जिल्लामा ११६ पुगेको छ । प्रदेशका १० जिल्लामा मृत्यु हुनेमध्ये काभ्रेमा थप १२ जनाको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय मकवानपुर हेटौंडाले जनाएको छ । यससँगै बागमती प्रदेशअन्तर्गत काठमाडौं उपत्यकाका तीन जिल्लाबाहेक १० जिल्लामा बाढीपहिरोबाट मृत्यु हुनेको संख्या सोमबारसम्म ११६ पुगेको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले जानकारी दिए ।

काभ्रेमा हालसम्म बाढी पहिरोबाट मृत्यु भएकामध्ये ५० जनाको शव फेला पारेको प्रहरी उपरीक्षक रेग्मीले बताए । यस्तै, धादिङ जिल्लामा बाढीपहिरोबाट मृत्यु भएका ३९ जनाको शव फेला परेको छ । बाढीपहिरोमा परी सिन्धुपाल्चोकमा १०, मकवानपुरमा सात, दोलखामा सात, सिन्धुलीमा दुई र रामेछापमा एकजनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

बाढीपहिरोजन्य विपद्बाट काभ्रेमा नौ र सिन्धुपाल्चोमा दुई गरी ११ जना अझै बेपत्ता रहेका प्रहरीले जनाएको छ । बेपत्ताको खोजी कार्य तथा उद्धार गर्न प्रदेशभर चार हजार ११९ प्रहरी परिचालन गरिएको थियो । प्रहरीले विभिन्न जिल्लाका २४७ परिवारका ३१७ जनाको उद्धार गरी सुरक्षित स्थानमा स्थानान्तरण गरेको प्रहरी उपरीक्षक रेग्मीले जानकारी दिए ।


## साउदीमा रोजगार

कम्पनी : Qimma Shar Trading Company is a one person company with limited liability

पूर्व स्वीकृति मिति : २०८०/०७/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/१४ | LT. No. 294500 | चलानी नं. ६०२०१०७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**RECENT JOB PLACEMENT PVT. LTD**

श्रम इजाजत नं. १३१८/०७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536

Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com


# पानी घटेपछि बाढीपीडितहरु घर फर्किए



**पाल्हिनन्दन (नवलपरासी)-** बर्दघाट सुस्ता पश्चिमको सुस्ता गाउँपालिका-५ सुस्ता गाउँमा पानी घटेपछि बाढीपीडितहरू आफ्नो घर फर्किएका छन् । अविरल वर्षाका कारण नारायणी नदीको तटबन्ध भत्केर गाउँमा बाढी पसेपछि सुस्ताका झण्डै २०० घर डुबानमा परेका थिए । सुस्ता बोर्डर आउटपोस्ट (बिओपी) का सशस्त्र प्रहरी निरीक्षक मानबहादुर खडकाले आइतबार साझदेखि नदीमा बाढी घटेसँगै सुस्ता डुबान क्षेत्रमा पनि बाढी घटेकामा सोमबार प्रभावितहरू आफ्नो घर फर्किएका हुन् । यहाँ सशस्त्र र जनपथ प्रहरीको चौकीसमेत डुबानमा परेको थियो ।

सुस्ता गाउँपालिका-५ का वडाध्यक्ष प्रभुनाथ अहिरले बाढी घटेपछि स्थानीय घर फर्किए पनि फुसको घर भत्केर बस्ने अवस्था नरहेको बताए । सुस्ता बचाऊ अभियानका प्रवक्ता रवीन्द्र जयसवालले यहाँका अधिकांश स्थान डुबानमा परेपछि आश्रयका लागि अन्यत्र गएकाहरू पानी घटेसँगै आफ्नो घर फर्किएका जानकारी दिए । 'स्थानीय बाढीपीडितहरू घर फर्किएका छन्, पक्की घर भएकालाई घरमा बस्न खासै समस्या नभए पनि फुसको घर हुनेहरूलाई भने समस्या छ । उनीहरूका घर भत्किएकाले त्यहाँ बस्ने अवस्था छैन । अब सरकारले उचित बन्दोबस्त गर्न आवश्यक छ,' उनले भने । *रासस*

**Nepal Army**

**No.2 Ban Tatha Paryabaran Surakshya Gan**

## Invitation for Online Bid

**(Date of Publication: 2024-10-01)**

1. No.2 Ban Tatha Paryabaran Surakshya Gan, Hattikhor barrack, Nawalparasi (Ba.Su.Pu.) invites online bid for the following Plantation and fencing work and Procurement of Firefighting Equipment. The name and identification of the contracts are as follows.

| S. N. | Name of Procurement | Contract Identification No. | Last Date of Bid Submission | Bid opening Date and Time | Cost Estimate (Including Vat) | Document Fee | Bid Security |
|---|---|---|---|---|---|---|---|
| 1. | Plantation work and Fencing at Nawalparasi Bardaghat (Ba.Su.Pu.)-5, Paldanda | NA/NO.2FESBN/NCB/ WORKS/081/82/02 | 2024-11-05 at 12:00 | 2024-11-05 at 13:00 | Rs.3,005,438.40 | Rs.3,000.00 | Rs.82,000.00 |
| 2. | Procurement of Firefighting Equipment | NA/NO.2FESBN/NCB/ WORKS/081/82/03 | 2024-11-05 at 12:00 | 2024-11-05 at 13:00 | Rs.1,920,180.75 | Rs.3,000.00 | Rs.52,000.00 |
| 3. | Plantation work and fencing at Newarikot Leruwa Pahad-Dang | NA/NO.2FESBN/NCB/ WORKS/081/82/04 | 2024-11-05 at 12:00 | 2024-11-05 at 13:00 | Rs.2,116,795.10 | Rs.3,000.00 | Rs.58,000.00 |

2. Interested and eligible bidders may obtain further information & inspect the bidding documents at www.bolpatra.gov.np/egp. For more details, please contact in 9857087104.

प्रभाव दैनिक

मंगलबार १५, असोज २०८१ (Tuesday, October 01, 2024)

रूपशाला

### 'पानी सलल' सुवी र मोहनको अभिनय

गायिका पार्वती कार्की र गायक गोविन्द दुलालको स्वर रहेको काँठे भाकाको गीत 'पानी सलल' सार्वजनिक भएको छ । शब्द, संगीत समेत दुलालकै रहेको गीतको भिडियोमा सुवी शाही र मोहन डंगोलको अभिनय छ । भिडियोमा रोमान्टिक प्रेमकथा पस्किएको छ । इभा फिल्मस् प्रालीको प्रस्तुति रहेको भिडियो सुरज खनालले निर्देशन गरेका हुन् । शिवजी क्षेत्रीको कोरियोग्राफी रहेको भिडियोमा शिव बिकको छायाँकन, विनोद बमको सम्पादन छ ।



# 'पूर्णबहादुरको सारंगी'ले भिडियो प्रतियोगिता गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेताद्वय बिजय बराल र प्रकाश सपूत अभिनित चलचित्र 'पूर्ण बहादुरको सारंगी'ले भिडियो प्रतियोगिता गर्ने भएको छ । चलचित्रको निर्माण टिमले 'मेरो 'बा' को संघर्ष' नाम दिँदै बुवाको संघर्ष र महत्वबारे भिडियो प्रतियोगिता आयोजना गरेको हो ।

प्रतिस्पर्धामा सहभागी हुन सहभागीहरूले आफ्नो बुवाको संघर्षको बयान गर्दै भिडियो बनाएर पठाउनुपर्ने छ । सहभागीहरूले आफुले बनाएको भिडियो आफुलाई सहज लाग्ने माध्यम जस्तै छोटो कथा, कविता, धन्यवाद ज्ञापन, चिठ्ठी, मनोवाद, आदि बाट प्रस्तुत गर्न सक्नेछन् ।

सामाजिक संजालमा आफुले गरेको पोस्ट वा निर्माण टिमले गरेको पोस्ट शेयर गर्दा आफ्नो बुवालाई अनि परिवारलाई पनि मेन्सन गर्नुपर्नेछ । प्रतियोगितामा लागू गर्नुपर्ने सबै नियम र सर्तहरू अन्तिम चयन र विजेताका लागि लागू हुनेछ ।




विजेताले ५० हजार रूपैयाँ पुरस्कार पाउने चलचित्र निर्माण टिमले जनाएको छ । यस्तै, दोस्रो हुनेले ३० हजार र तेस्रो हुनेले २० हजार रूपैयाँ प्राप्त गर्नेछन । नगद पुरस्कार बाहेक उत्कृष्ट भिडियो बनाएर पठाउने २० जनाले चलचित्रको २/२ वटा टिकट फ्री पाउनेछन् । सहभागीहरूले भिडियो कार्तिक ८ गतेसम्म बनाएर पठाइसक्नुपर्नेछ ।

सरोज पौडेलको लेखन तथा निर्देशन रहेको चलचित्र कात्तिक १५ गते रिलिज हुँदैछ । चलचित्रमा विजय र प्रकाशका अलावा मुकुन भुसाल, बुद्धि तामाङ, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, भोलाराज सापकोटा, विनोद न्यौपाने, अलिसा बास्तोला, स्वायम् केसी, जान्वी पौडेललगायतको अभिनय छ ।

सेभेन सिज सिनेमा र बाँसुरी फिल्मसको प्रस्तुति रहेको चलचित्रको विनोद पौडेल र प्याट्रिक सुवेदी निर्माता हुन् । चलचित्रलाई नेपाल र अन्तर्राष्ट्रिय रूपमा सेभेन सिज इन्टरटेनमेन्टले वितरण गर्दै छ ।

# 'मनविनाको धन... ' बाट डेब्यु गर्दै रमेश विक

■ प्रभाव संवाददाता

**काठमाडौं –** गायक एवं संगीतकार टंक बुढाथोकीले आफ्नो हिट गीत 'मन बिनाको धन ठूलो कि धन बिनाको मन' शीर्षकमा फिल्म बनाउने भएका छन् । बुढाथोकीले आइतबार चलचित्रको टाइटल चलचित्र विकास बोर्डमा दर्ता गरेका छन् ।

चलचित्र 'मन बिनाको धन ठूलो कि धन बिनाको मन' लाई टंक बुढाथोकी निर्माण तथा निर्देशन गर्दैछन् । लक्ष्मी गिरि कार्यकारी निर्माता रहने यस चलचित्रमा बिनय अधिकारी सह निर्माता रहने छन् ।




सामाजिक कथामा बन्ने यस चलचित्रबाट बाल गायक अशोक दर्जी र एआर बुढाथोकीलाई डेब्यु गर्दैछन् । 'मन बिनाको धन ठूलो कि धन बिनाको मन' बाट नेपाली रजतपटमा नब नायक रमेश बिकको डेब्यु हुदैछ । निर्देशक टंक बुढाथोकीले चलचित्रमा बिकलाई अनुबन्धित गरेको जनाकारी दिए । टंककै कथा रहेको फिल्मको पटकथा एवं संवाद शिवम अधिकारीले लेखेका छन् । तिहार लगतै छायांकनमा जाने चलचित्र 'मन बिनाको धन ठूलो कि धन बिनाको मन' को नायिका लगायत अन्य कलाकारहरू केहि दिनमा फाइनल गर्ने तयारी छ ।

# मण्डला थिएटरमा नियमित 'अगम'

■ प्रभाव संवाददाता

**काठमाडौं–** थापागाउँस्थित मण्डला थिएटरमा अहिले नाटक 'अगम' मञ्चन भइरहेको छ । सन्तान प्राप्तिका लागि एक दम्पतीले गरेको संघर्षको कथामा रहेको नाटक महिलाकै कोणबाट प्रस्तुत गरिएको छ । नाटकको लेकन तथा निर्देशक प्रितिशा अधिकारीले गरेकी हुन् ।

गत ११ गतेदेखि सुरु भएको नाटक १७ गतेसम्म नियमित मञ्चन हुनेछ । नाटकले दर्शकलाई



एउटा आदिम समाजमा लैजान्छ, जहाँ महिलाको मूल्यमान्यता र बच्चा जन्माउने क्षमतालाई गहिरो रूपले देखाउन खोजेको छ ।

एउटी महिला आमा बन्न नसकेपछि परिवार र समाजको दबाब कुन स्तरको हुन्छ र महिलाको मानसिक अवस्था कस्तो हुन्छ भन्ने कुरालाई नाटकले गहिरिएर देखाउन खोजेको छ । सुस्मा निरौला, उमेश सुनाम, दीपेश काफ्ले, सोनिका शाही ठकुरी, स्वर्णिम चाम्लिङ, सनम श्रेष्ठ, सुस्मा लामा, रोशन, बसु बराल लगायतको अभिनय नाटकमा छ ।

# अभिनेता मिथुन चक्रवर्तीलाई दादासाहेब फाल्के अवार्ड

**काठमाडौं (एजेन्सी)–** बलिउडका चर्चित अभिनेता मिथुन चक्रवर्तीलाई दादासाहेब फाल्के अवार्ड दिने घोषणा गरिएको छ ।

भारतको केन्द्रीय सूचना र प्रसारण मन्त्रालयले अभिनेता मिथुनलाई दादासाहेब फाल्के अवार्ड दिने घोषणा गरेको हो । दादा साहेब फाल्के चयन निर्णायक मण्डलले अभिनेता मिथुन चक्रवर्तीलाई भारतीय सिनेमामा उनको महत्वपूर्ण योगदानको लागि यो सम्मान दिने घोषणा गरेको छ ।

मिथुन चक्रवर्तीलाई अक्टोबर ८ मा हुने ७०औं राष्ट्रिय चलचित्र पुरस्कार समारोहमा यो सम्मान प्रदान गरिने छ ।

मिथुन चक्रवर्ती हालैका वर्षहरूमा भाजपाबाट राजनीति गरिरहेका छन् । यो पुरस्कार भारतीय सिनेमाका पिता मानिने दादासाहेब फाल्केको नाममा दिइन्छ । दादासाहेब फाल्केको पूरा नाम धुण्डिराज गोविन्द फाल्के थियो ।

मिथुनले बलिवुडमा ३५० भन्दा बढी फिल्ममा काम गरिसकेका छन् भने तीन नेशनल अवार्ड समेत जितेका छन् ।



## रंगशाला

# 'टि-ट्वान्टी सिरिज' क्रिकेटमा ओमानमाथि नेपालको जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** क्यानडामा जारी त्रिकोणात्मक टि ट्वान्टी सिरिज क्रिकेटअन्तर्गत आइतबार राती भएको खेलमा नेपालले ओमानलाई पराजित गरेको छ ।

क्यानडाको किङ सिटीमा सम्पन्न खेलमा नेपालले ओमानलाई ३७ रनले पराजित गरेको हो । जितका लागि एक सय ७७ रनको लक्ष्य पाएको ओमानले १९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय ३९ रनमा समेटियो । ओमानका लागि सोएविब खानले सर्वाधिक ४५ रनको योगदान दिए । त्यसैगरी रफिउल्लाले ३३ रन बनाए भने फयाज बुट्टले १७ रन जोडे ।

ओमानलाई एक सय ३९ रनमा समेट्ने क्रममा नेपालका करण केसीले तीन विकेट लिए भने कुशल भुर्तेलले दुई विकेट झारे । रिजन ढकाल, दीपेन्द्र सिंह ऐरी र सन्दीप लामिछानेले समान एक-एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै एक सय ७६ रनको योगफल बनाएको थियो ।

नेपालका लागि गुल्शन झाले सर्वाधिक ४० रनको योगदान दिए । उनले १७ बलमा तीन चौका र तीन छक्काको मद्दतमा ४० रन बनाएका हुन् । त्यसैगरी कुशल मल्लले ३० रनको योगदान




दिए । उनले २६ बलमा दुई चौका र दुई छक्काको मद्दतमा ३० रन बनाए । आसिफ शेख र अनिल शाहले समान २७/२७ रन बनाए । आशिफले २२ बलमा एक चौका र दुई छक्काको सहयोगमा २७ रन बनाए । अनिल साहले २१ बलमा तीन चौका र एक छक्काको मद्दतमा २७ रन जोडे ।

त्यस्तै कुशल भुर्तेलले २० रन बनाउँदा कप्तान रोहित पौडेल दुई रनमा आउट भए । बलिङतर्फ ओमानका अकिब इलियासले सर्वाधिक तीन विकेट लिए भने सकिल अहमेद, फैयाज बुट्ट र जिशान मक्सूदले समान एक-एक विकेट लिए ।

त्रिकोणात्मक टि ट्वान्टी सिरिजको पहिलो खेलमा नेपाल क्यानडासँग १४ रनले पराजित भएको थियो । सिरिजमा नेपालको यो दोस्रो र ओमानको पहिलो खेल थियो । नेपालले अब तेस्रो खेल मंगलबार क्यानडासँग खेल्नेछ ।

# वादेरियो करातेमा नेपाल च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पाँचौं इन्डो-नेपाल वादोरियो कराते प्रतियोगितामा च्याम्पियन बनेको छ ।

सोमबार बसुन्धरास्थित विशाल भवनमा भएको प्रतियोगितामा नेपालले सर्वाधिक १५ स्वर्ण, १७ रजत र ३३ कांस्य जित्यो । त्यसमा नेपालको सरस्वती डोजो, गोकर्णेश्वरले ११ स्वर्ण, २ रजत र २ कांस्य योगदान गर्यो ।

नेपाल वादोरियो कराते डो संघको आयोजनामा भएको प्रतियोगितामा भारतले ४ स्वर्ण, २ रजत र ५ कांस्य हात पार्यो । पुरुषमा नेपालका रोहन जिम्मी र महिलामा नेपालकै प्रशंसा पहरी उत्कृष्ट खेलाडी घोषित भए ।




विजेतालाई गोकर्णेश्वर नगरपालिकाका मेयर दीपककुमार रिसाल, आयोजक संघका अध्यक्ष एवं नेपाल कराते महासंघका वरिष्ठ उपाध्यक्ष हरि शरण केसीलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । दुईदिने प्रतियोगितामा १ सय ७० खेलाडीले १९ स्पर्धामा प्रतिस्पर्धा गरेको आयोजक संघका अध्यक्ष केसीले जनाएका छन् ।

# एसिया रग्बी सेभेन्सको पूर्वसन्ध्यामा 'नो योर गेम्स' कार्यशाला

■ प्रभाव संवाददाता

**काठमाडौं –** एसिया इमिरेट्स रग्बी सेभेन्स ट्रफीको पूर्वसन्ध्यामा सोमबार 'नो योर गेम्स' कार्यशाला गरिएको छ ।

नेपाल रग्बी संघ र नेपाल खेलकुद पत्रकार मञ्च (एनएफजेएफ) एकेडेमीको संयुक्त आयोजनामा बुढानीलकण्ठस्थित लेमन ट्री होटलमा कार्यशाला गरिएको हो ।

उक्त कार्यशालामा राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्य अञ्जना श्रेष्ठ मास्के, रग्बी संघका अध्यक्ष दीपक देवकोटा, वरिष्ठ उपाध्यक्ष चेतनराज गिरी, महासचिव गोविन्द घिमिरे, नेपाल खेलकुद पत्रकार मञ्चका पूर्वअध्यक्ष निरञ्जन राजवंशी, अध्यक्ष देवेन्द्र सुवेदीलगायतको उपस्थिति थियो ।



कार्यक्रमको उदेश्य खेलपत्रकारहरूलाई रग्बीका नियमबारे जानकारी दिनु रहेको आयोजकले जनाएको छ । कार्यक्रममा ३० जना खेलपत्रकारको सहभागिता थियो । एसिया रग्बी अक्टोबर ४ देखि ५ तारिखसम्म त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुनेछ ।

# पुलिस र संकटा बुधबार भिड्ने

**काठमाडौं (प्रस)–** एन्फा महिला लिगअन्तर्गत विभागीय टोली नेपाल पुलिस क्लब र संकटा फुटबल क्लबबीचको रद्द भएको खेल बुधबार हुने भएको छ ।

खेल दिउँसो ३ बजे सुरु हुने एन्फाले सोमबार जानकारी दिएको हो ।

**मोटरसाइकल हरायो**

मिति २०८१ साल असोज ११ गते राती ३ बजे टोखा बाट बागमती प्रदेश ०२-०८६ प ३५७९ नं. को Palsar 220F मोटरसाइकल चोरी भएकोले पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा फोन नं. ९८१९२८३४१७ मा खबर गरिदिनुहोला ।

सवारीधनी : बोध लाल स्याङतान
ठेगाना : बाहा न.पा.-८, मकवानपुर
इन्जिन नं. : DKXCNM-38665
च्यासिस नं. : M02A13 EX4NCM - 84411
रङ : Sparkle MET BLK Red




दक्षिणपश्चिम चीनको सिचुआन प्रान्तको गार्जेस्थित तिब्बती स्वायत्त प्रान्तको दाओफु काउन्टीमा जनवादी गणतन्त्र चीनको ७५औं स्थापना दिवसको पूर्वसन्ध्यामा गुओभ्रुआङ नृत्य प्रस्तुत गर्दै । *तस्बिर: सिन्हवा*

# लेबनानबाट सिरियातर्फ एक लाख शरणार्थी प्रस्थान

**जेनेभा-** इजरायलले पछिल्ला केही दिनयता लेबनानी हिजबुल्लाह समूह लक्षित गरेका लगातारका हवाई आक्रमणका कारण करिब एक लाख व्यक्ति लेबनानबाट सिरियातर्फ भागेका संयुक्त राष्ट्रसंघका शरणार्थी प्रमुख फिलिप्पो ग्रान्डीले सोमबार बताएका छन् । उनका अनुसार यो संख्या दुई दिनमा बढेर दोब्बर भएको छ ।

उनले सामाजिक सञ्जाल एक्समार्फत द्वन्द्वप्रभावित भई लेबनानबाट सिरिया प्रवेश गर्ने मानिसहरूको संख्या उल्लेख गरेका हुन् । विस्थापित हुने क्रम निरन्तर जारी छ । उनले उक्त स्थानमा संयुक्त राष्ट्रसंघ शरणार्थी निकाय (युएनएचसिआर) ले 'नयाँ आगमनलाई सहयोग गर्न स्थानीय अधिकारी र सिरियाली रेड क्रिसेन्ट सँगसँगै सीमाक्षेत्रका विभिन्न चार केन्द्रमा उद्धारकर्मी परिचालन गरेको छ । युएनएचसिआरले एक हप्ताअघिदेखि शनिबारसम्ममा लेबनानबाट सिरियातर्फ विस्थापितहरूको व्यापक भीड लागेको छ ।

इजरायलले पछिल्लो समयमा इरानको क्षेत्रीय सहयोगी हिजबुल्लाहलाई लक्षित गर्दै लेबनान र गाजा पट्टीलाई समावेश गर्न आफ्नो आक्रमण विस्तार गरेको छ । लेबनानमा हिजबुल्लाहका लक्ष्यहरूमा गरिएको आक्रमणमा शुक्रबार यसका नेता हसन नसरल्लाहको मृत्यु भएको छ । लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार गत हप्तामा इजरायली बमबारीले लेबनानमा दुई दिनको अवधिमा १४ जना प्यारामेडिक्ससहित ७०० भन्दा बढीको ज्यान गएको छ ।



युएनएचसिआरका अनुसार शुक्रबारसम्म ३० हजार मानिसहरू सिरियामा प्रवेश गरिसकेका थिए । सिरियामा युएनएचसिआरका प्रतिनिधि गोञ्जालो वर्गास लोसाले विस्थापित हुनेमा करिब ८० प्रतिशत सिरियाली र २० प्रतिशत लेबनानी नागरिक रहेको बताएका छन् । उनका अनुसार उनीहरूमध्ये 'अधिकांश महिला तथा बालबालिका' रहेका छन् ।

निरन्तरको युद्ध र बम विष्फोटबाट भागेका मानिसहरू थकित, तथा सहायताको अभावको सामना गर्दै सिरिया आइपुगेको बताउँदै उनीहरूलाई सहयोगको आवश्यकता रहेको उल्लेख गरेका छन् । *रासस/एएफपी*

# निर्वाचन गर्ने तयारीमा एलडिपी नेता शिगेरु

**टोकियो-** जापानका नवनिर्वाचित लिबरल डेमोक्र्याटिक पार्टी (एलडिपी) नेता शिगेरु इसिबाले आगामी आर्थिक मन्दीको सम्बोधनका लागि अक्टोबर २७ का लागि आकस्मिक निर्वाचन गराउने तयारी रहेको बताएको स्थानीय सञ्चारमाध्यमले सोमबार जनाएका छन् ।

उनी अक्टोबर १ अर्थात् मंगलबार औपचारि करूपमा जापानको प्रधानमन्त्रीको रूपमा नियुक्त हुने छन् । संसद्मा बहुमत रहेको एलडिपीबाट शुक्रबार पार्टी नेता चुनिएपछि उनी प्रधानमन्त्रीका लागि निर्विकल्प उम्मेदवार बनेका हुन् ।

इसिबाले अक्टोबर २७ मा हुने आमनिर्वाचनअघि अक्टोबर ९ मा संसद् विघटन गर्ने योजनालाई अन्तिम रूप दिइरहेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । उनले एलडिपी नेतृत्वको दौडमा भाग लिने मन्त्रीमण्डलका पूर्वमुख्यमन्त्री कत्सुनोबु कातोलाई अर्थमन्त्रीको रूपमा नियुक्त गर्ने सम्भावना प्रवल रहेको जापानी सञ्चारमाध्यमले जनाएका छन् ।



नयाँ मन्त्रीमण्डलमा पूर्वरक्षामन्त्री जनरल नाकातानी पुरानै काममा फर्किने छन् भने अर्का पूर्वरक्षामन्त्री ताकेसी इवाया विदेशमन्त्रीका रूपमा आउने सम्भावना छ ।

एनएलआई रिसर्च इन्स्टिच्युटका वरिष्ठ अर्थशास्त्री तारो साइतोले इसिबाले अहिलेसम्म जापानमा सार्वजनिक वित्त कसरी सुधार गर्ने भन्ने कुरामा ध्यान केन्द्रित गरेको बताएका छन् । *रासस/एएफपी*

# अन्तरिक्षमा फसेका दुई यात्रीको 'स्पेसएक्स मिसन'सँग भेट




वासिङ्टन- अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा फसेका दुई अन्तरिक्ष यात्रीलाई पृथ्वीमा फर्काउने 'स्पेसएक्स मिसन' को 'ड्रागन क्याप्सुल' इनटरनेसनल स्पेस स्टेसन (आइएसएस) सँग जोडिएको छ ।

फाल्कन ९ रकेटले फ्लोरिडाको केप क्यानवेरलबाट शनिबार अपराह्न १:१७ बजे उडान भरेको थियो र ड्रागन अन्तरिक्ष यानमा सवार क्रु-९ मिसनले आइतबार साँझ ५:३० बजे आइएसएससँग सम्पर्क गरेको थियो ।

'ड्रागन क्याप्सुल' ले आइएसएससँग जोडिएपछि नासाका अन्तरिक्ष यात्री निक हेग र रूसी अन्तरिक्षयात्री अलेक्जेन्डर गोर्बुनोभ साँझ ७ बजेपछि आफ्ना तैरिरहेका सहकर्मीलाई अँगालो हालेर स्टेसनमा चढेका थिए । 'म ड्रागन फ्रिडमबाट हाम्रो नयाँ कम्प्याडरहरूलाई स्वागत गर्न चाहन्छु,' फसेका दुई अन्तरिक्ष यात्रीहरूमध्ये एक यात्री स्टेसन कमान्डर सुनी विलियम्सले भने ।

हेग र गोर्बुनोभ फेब्रुअरीमा अन्तरिक्ष स्टेसनबाट फर्किंदा उनीहरूले अन्तरिक्षविद् विलियम्स र बुच विल्मोरलाई फिर्ता ल्याउने छन् । बोइङले डिजाइन गरेको अन्तरिक्ष यान (स्टारलाइनर) को समस्याका कारण आइएसएसमा उनीहरूको बसाइँ महिनौंसम्म लम्बिएको थियो । विल्मोर र विलियम्सलाई गत जुनमा आइएसएसमा पुऱ्याउँदा नयाँ विकसित स्टारलाइनरले चालक दलसहितको आफ्नो पहिलो उडान गरिरहेको थियो । उनीहरू त्यहाँ केवल आठ दिनका लागिमात्र हुनुपर्ने थियो, तर त्यहाँ उडानको क्रममा स्टारलाइनरको 'प्रोपल्सन सिस्टम' मा समस्या देखापरेपछि नासाले योजनामा आमूल परिवर्तन गर्न बाध्य भएको थियो ।

स्टारलाइनरको सफल अवतरणको विश्वसनीयताको बारेमा हप्तौंको गहन परीक्षणपछि नासाले अन्ततः यसलाई आफ्नो चालक दलविना पृथ्वीमा फर्काउने निर्णय गरेको थियो । अर्बपति एलन मस्कद्वारा स्थापित निजी कम्पनी स्पेसएक्सले आइएसएस चालक दलका सदस्यहरूलाई घुमाउन अनुमति दिन प्रत्येक छ महिनामा नियमित मिसनहरू उडान गर्दै आएको छ ।

तर, नासाका विशेषज्ञहरूलाई स्टारलाइनरको विश्वसनीयताको मूल्यांकन गर्न र कसरी अगाडि बढ्ने भन्ने निर्णय गर्न थप समय दिनका लागि क्रु-९ को प्रक्षेपण अगस्टको मध्यदेखि सेप्टेम्बरको अन्त्यसम्म स्थगित गरिएको थियो ।

हेग र गोर्बुनोभले करिब पाँच महिना आइएसएसमा बिताउने छन् । विल्मोर र विलियम्सले त्यहाँ आठ महिना बिताउने छन् । क्रु-९ ले आफ्नो बसाइँको क्रममा करिब २०० वैज्ञानिक प्रयोगहरू सञ्चालन गर्ने छ । *रासस/एएफपी*


**युएईमा रोजगार** | कम्पनी : TAS BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८१/04/११ | LT. No. 311149 | चलानी नं. ६०२२६०४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Male | 3 | 0 | 900 | ३२,७८५ | क.लि. अनुसार | ८ घण्टा | ६ दिन | क.लि. अनुसार | छ | छ | २ बर्ष |
| 2 | Office Cleaner | 2 | 0 | 900 | ३२,७८५ | | | | | | | |
| 3 | Unit & Cleaning Supervisor | 2 | 0 | 1200 | ४३,७१० | | | | | | | |
| 4 | Window Male Cleaner | 3 | 0 | 1200 | ४३,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 311149 मिति: २०८१/०६/१४ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Mobhira Overseas Service Pvt. Ltd.
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054




## हाइड्रो इम्पाएर प्रा.लि.को सरोकारवाला शेयरधनीहरुको जानकारीको लागि प्रकाशित गरिएको सूचना

(प्रकाशित मिति: २०८१/०६/१५)

यस हाइड्रो इम्पाएर प्रा.लि.को व्यवसाय विस्तार गर्नको लागि रकमको आवश्यकता परेकोले हाल कायम रहेका शेयरधनीहरु मध्य केही शेयरधनीहरुले कवुल गरी भूक्तानी गर्न बाँकी रहेको शेयरहरु जम्मा थान १६७४११३४.३४ को प्रति शेयर रु.१०० को दरले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र प्रा.लि.को बैक खातामा जम्मा गर्नु हुन भनि सूचना जारी गरिएकोमा हाल सम्म केही शेयरधनीहरुले भूक्तानी गरेको नदेखिएकोले यो सूचना जारी भएको मितिले ९० दिन भित्र आफुले कवुल गरी भूक्तानी हुन बाँकी रहेको शेयर वापतको रकम जम्मा गरी भौचर प्रा.लि.को लेखा शाखामा बुझाउन हुन समेत यो सूचना जारी गरिएको छ ।

आज्ञाले
प्रमुख कार्यकारी अधिकृत


# रूसले युक्रेनमा सबै निर्धारित लक्ष्य पूरा गर्ने पुटिनको दाबी



**मस्को-** रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले सोमबार मस्कोले युद्धको तेस्रो वर्षमा युक्रेनका लागि तय गरेका सबै लक्ष्यहरू पूरा गर्ने बताएका छन् ।

सत्य आफ्नो पक्षमा रहेको दाबी गर्दै 'पुनर्मिलन दिवस'को वार्षिकोत्सव मनाउन जारी गरिएको भिडियो सन्देशमार्फत पुटिनले निर्धारित लक्ष्यहरू प्राप्त हुने बताएका हुन् ।

सन् २०२२ फेब्रुअरीमा युक्रेनमा सेना परिचालन गरेपछि रूसले लुगान्स्क, डोनेट्स्क, जापोरिभिया र खेरसनलगायतका क्षेत्रहरू कब्जा गरिसकेको छ । सम्बोधनमा पुटिनले युक्रेनमा सेना पठाउनुको उद्देश्य रूसीभाषीलाई नवनाजीवादबाट जोगाउने रहेको बताउदै यसले नाजीवादीहरूलाई रूसको ऐतिहासिक भूमिबाट सदाका लागि छुटयाउने रहेको उल्लेख गरेका छन् ।

पुटिनले 'पश्चिमी' गठबन्धनको आलोचना गर्दै 'युक्रेनलाई आफ्नो उपनिवेशमा परिणत गरी, रूस लक्षित सैन्य आधार खडा गर्न रूसविरूद्ध घृणा, कट्टरपन्थी राष्ट्रवादलगायतका कुरामा शत्रुता फैलाएको बताए ।

'अहिले हामी हाम्रा भावी सन्तानको सुरक्षा र समृद्धिका लागि लडिरहेका छौं,' पुटिनले भने । *रासस/एएफपी*

# ट्युनिसियामा आप्रवासी चढेको डुंगा पल्टिँदा १२ व्यक्तिको मृत्यु

**ट्युनिस, ट्युनिसिया-** दक्षिणपूर्वी टापु जेर्बाको तटीय क्षेत्रमा सोमबार एक आप्रवासी चढेको डुंगा पल्टिँदा तीन बालबालिकासहित कम्तीमा १२ जनाको मृत्यु भएको एक न्यायिक अधिकारीले बताएका छन् । मेडेनिन अदालतका प्रवक्ता फेथी बाकुचेले एएफपीसँग कुरा गर्दै मृत्यु हुनेमा पाँच पुरुष र चार महिला रहेका छन् । डुंगा के कारणले डुबेको थियो भन्ने कारण समाचार तयार पार्दासम्म थाहा हुनसकेको छैन ।

ट्युनिसियाली नेसनल गार्डले चारजना आप्रवासी पौडी खेलेर किनारामा फर्किएको जनाएको छ । ट्युनिसिया र छिमेकी लिबिया युरोपमा राम्रो जीवनयापन गर्न चाहने आप्रवासीका लागि प्रमुख प्रस्थान बिन्दु बनेका छन् ।

सन् २०२३ मा ट्युनिसियाको स्थिर अर्थतन्त्रले ०.४ प्रतिशतको मात्र आर्थिक वृद्धिदर हासिल गरेको छ भने बेरोजगारी बढेको छ । प्रत्येक वर्ष, दशौं हजार मानिसहरू ट्युनिसिया हुँदै युरोपतर्फ जान समुद्रको खतरनाक यात्रा गर्ने गर्छन् ।

जनवरी १ देखि ट्युनिसियाको तटीय क्षेत्रमा कम्तीमा १०३ वटा अस्थायी डुंगा डुबेको र ३४१ जनाको शव निकालिएको सरकारले जनाएको छ । एफटिडिइएस अधिकार समूहका अनुसार गत वर्ष ट्युनिसियामा डुंगा दुर्घटना हुँदा एक हजार ३०० भन्दा बढीको मृत्यु भएको थियो । अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम) का अनुसार गत दशकमा भूमध्यसागरमा ३० हजार ३०९ भन्दा बढी आप्रवासीको मृत्यु भएको छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily


# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १६०५०० | प्रति तोला - ० | प्रति तोला - १९४० |

## निगममा एयरहोस्टेसको धर्ना

■ प्रभाव संवाददाता



**काठमाडौं–** आफूहरूमाथि अन्याय र विभेद् भएको दाबी गर्दै नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) का एयरहोस्टेस (बिमान परिचारिका)ले विरोध प्रदर्शन गरेका छन् । निगममा लामो समयदेखि कार्यरत 'क्याबिन क्रु'हरूले सर्वोच्च अदालतले दिएको अन्तरिम आदेश कार्यान्वयन नगरेको र न्यायका लागि गुहार गर्दा पनि व्यवस्थापनले बेवास्ता गरेको भन्दै उनीहरूले निगम केन्द्रीय कार्यालयमा धर्ना सुरु गरेका हुन् ।

कार्यालय प्रवेश गर्ने मुख्य प्रवेशद्वारमा एयरहोस्टेसले सोमबार बिहान १० बजेदेखि साढे १२ बजेसम्म धर्ना दिएका छन् । झण्डै ५० जना एयरहोस्टेजले कार्यालय समयमा कार्यालय प्रमुखसहितका कर्मचारी प्रवेश गर्ने बेलामा हातमा कालोपट्टि बाँधी प्रदर्शन गरेको थिए । आफ्ना मागको सुनुवाइ नभएसम्म संघर्षका कार्यक्रम जारी रहने वरिष्ठ विमान परिचारिका प्रजिता कार्कीले बताइन् ।

निगम व्यवस्थापनले भने एयरहोस्टेसको पाँच वर्षको करारको सम्झौता सकिएकाले निरन्तरता दिन नसकिने जनाएको छ । 'एयरहोस्टेसको पाँच वर्षको सम्झौताअनुसार काममा लगाइएको हो, उनीहरूको करार अवधि सकिएको छ । पुन:सेवा निरन्तरता दिन सकिन अवस्था छैन', निगमका एक उच्च अधिकारीले भने ।

सर्वोच्च अदालतले केही महिनाअघि कर्मचारीबीच सेवा, सुविधा र सेवा अवधिमा भेद्भाव नगर्न निगमका नाममा अन्तरिम आदेश जारी गरेको थियो । सर्वोच्चको आदेशको अवहेलना गर्दै क्याबिन क्रुलाई अवकास दिन लागिएको, सेवा सुविधामा भेद्भाव भएको भन्दै केही दिनदेखि कर्मचारीबीच असन्तुष्टि छाएको थियो । निगमभित्रका एक सय ७२ जना क्याविन क्रु (एयरहोस्टेस) केही महिनाअघि न्यायका लागि सर्वोच्चमा पुगेका थिए । सर्वोच्चले उक्त मुद्दालाई प्राथमिकता दिँदै कर्मचारीमाथि विभेद रोक्न, मुद्दा हालेकै कारणले पूर्वाग्रह नराखी काम गर्न अन्तरिम आदेश दिएको थियो ।

कर्मचारीहरूले पर्यटनमन्त्री बद्री पाण्डेलाई समेत भेटी भेद्भाव रोक्नका लागि आवश्यक पहल गर्न सुझावपत्र दिएका थिए । सर्वोच्चमा समेत यो विषयमा मुद्दा विचाराधीन रहेकै अवस्थामा पूर्वाग्रहपूर्ण ढंगले कारबाही थालेको एयरहोस्टेसको आरोप छ ।

निगम परिसरमा कर्मचारीले सर्वोच्चको अन्तरिम आदेश पालना गर, विभेद् रोक, दमन गर्न पाइँदैन जस्ता प्ले कार्डसमेत बोकेका थिए ।

## बाढीपीडितको सहयोगमा सरकारसँग सहकार्य गर्दै चेम्बर

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल चेम्बर अफ कमर्सले सरकारसँग हातेमालो गरेर बाढी पहिरोबाट पीडित नागरिकलाई सहयोग गर्ने भएको छ ।

गत बिहीबार देखि परेको अबिरल बर्षाका कारण काठमाडौं लगायत मुलुकका अधिकांश स्थानमा जनधनको ठूलो क्षति भएको भन्दै चेम्बरले गहिरो दु:ख व्यक्त गरेको छ । चेम्बरले मृतकहरूप्रति हार्दिक श्रद्धान्जली तथा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदान जनाएको छ ।

चेम्बरद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'अबिरल बर्षाका कारणले देशको उद्योग धन्दा, पेशा व्यवसायमा गम्भिर असर गरेको भएपनि बजारमा औषधि, खाद्यन्न लगायत अत्यावश्यकीय बस्तुको अभाव हुन नदिन नेपाल चेम्बर अफ कमर्स सजग रहेको छ, ।'

चेम्बरले खाद्यन्न लगायतका बस्तुहरूको नियमित आपूर्तिको सुनिश्चितता गर्दै मुल्यवृद्धि हुन नदिने तर्फ सबै व्यवसायीहरूको सहयोग रहने समेत बताएको छ ।

बाढी पहिरोजन्य घटनाबाट जनधनको ठूलो क्षति भएको भन्दै चेम्बरले राहत तथा उद्दार एवं सहयोगका लागि चेम्बरका जिल्ला, प्रदेश एवं नगर चेम्बरहरूलाई पनि आग्रह गर्ने निर्णय गरेको छ ।

यस्तै विपत्तीका कारण हुन गएको आफ्नो व्यवसायको क्षतिपूर्ति दावी भुक्तानीका लागि बिमितहरूले विमा कम्पनीहरू समक्ष बिमा रकम माग गरेमा यथाशिघ्र भुक्तानी दिलाउने व्यवस्था गर्न समेत चेम्बरले विमा कम्पनीहरू समक्ष आग्रह गरेको छ ।

## कर्पोरेट

### शाह परिवारले केआइओसिएचलाई ४ करोड सहयोग गर्ने




**काठमाडौं (प्रस)–** विजयकुमार शाह परिवारले काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (केआइओसिएच) को बाल शल्य चिकित्सा इन्टेन्सिभ केयर युनिट पिएसआइसियू र डे केयर सर्जरी शाखाको आवश्यक भौतिक संरचना निर्माणका लागि ४ करोड रूपैयाँ सहयोग प्रतिबद्धता जनाएको छ । शाह परिवारका तर्फबाट गरिएको योगदानले नेपालमा बालस्वास्थ्य सेवामा उल्लेखनीय सुधार गर्नेछ । जसका माध्यमबाट विशेष स्याहारको आवश्यकता परेका बालबालिकाहरूको गम्भीर अवस्थाको शल्यक्रिया गर्न सकिनेछ । शाह परिवारको महत्वपूर्ण सहयोगको सम्मान गर्दै पिएसआइसियू र डे केयर सर्जरी शाखाको तल्लालाई रुस्लान पिएसआइसियू नामाकरण गरिनेछ ।

वि.स. २०८१ भाद्र १३ गते, शाह परिवारले प्राथमिक चरणमा १ करोड रूपैयाँ केआइओसिएचलाई प्रदान गरीसकेको छ । जसका माध्यमबाट यस अभियानमा शाह परिवारको गहिरो चासो, योगदान र संलग्नता प्रष्ट भएको छ । गैर नाफामूलक संस्था जेजीआई नेपाल फाउण्डेसन (जेजिआइएनएफ), ले यस सहयोग प्रक्रियाको समन्वय एवं सहजीकरण गरिरहेको छ । यद्यपी, यो सहयोग शाह परिवारको निजी पुँजिबाट प्रदान गरीएको हो । कुल सहयोग प्रतिबद्धता मध्ये बाँकि ३ करोड रूपैयाँ निर्माण योजना सुरु भएपछि जेजीआई नेपाल फाउण्डेसनको समन्वय र सहजीकरणमा आर्थिक रूपमा प्रदान गरिनेछ । सबै सहयोग रकम शाहको निजी सम्पतीबाट गरिएको हो । प्रस्तुत सहयोग तिन पटक सम्म नेपालकै शीर्ष करदाता भएका शाहको परोपकार र सामाजिक उत्तरदायित्व समर्पणको प्रतिबिम्ब बनेको छ ।

### ग्लोबल आइएमईका ग्राहकलाई बुद्ध एयरको टिकटमा छुट




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहक तथा ग्राहकका परिवारका सदस्यहरूले बुद्ध एयरको टिकट खरिदमा ८ प्रतिशत छुट पाउने छन् । उक्त छुट सम्बन्धी समझदारीमा बैंकका नायव महाप्रबन्धक तथा बाग्मती प्रदेश प्रमुख रूपेन्द्र वाग्ले र बुद्ध एयरका मार्केटिंग सेल्स डाइरेक्टर रूपेश जोशीले हस्ताक्षर गरेका छन् ।

समझदारी अनुसार ग्लोबल आइएमई बैंकका डेबिट, क्रेडिट कार्डवाहक एवम् बैंकको मोबाइल बैंकिंग एप्लिकेशन 'ग्लोबल स्मार्ट प्लस' प्रयोगकर्ता हरूले बुद्ध एयरको टिकटको खरिदमा ८ प्रतिशत छुट पाउनेछन् । बैंकका ग्राहकहरू तथा ग्राहकका परिवार सदस्यहरूले बुद्ध एयरको काउन्टरबाट यो छुट पाउनेछन । साथै, सम्पूर्ण आन्तरिक बिमानस्थलमा रहेको बुद्ध एयरको काउण्टरबाट टिकट लिएपश्चात् बैंकको ग्लोबल स्मार्ट प्लसमार्फत क्युआर कोर्ड स्क्यान गरी भुक्तानी गर्दा वा बैंकको डेबिट तथा क्रेडिट कार्डबाहक ग्राहक वा ग्राहकका परिवार सदस्यहरूले ८ प्रतिशतको छुट पाउनेछन् ।

ग्लोबल आइएमई बैंक युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ । ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २५५ शाखा रहित बैंकिंग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

### ज्योति विकास बैंकका ग्राहकलाई ४ रेस्टुरेन्टमा विशेष छुट




**काठमाडौं (प्रस)–** ज्योति विकास बैंक लिमिटेडले काठमाडौंस्थित चार विभिन्न प्रख्यात रेस्टुरेन्टहरूमा बैंकका ग्राहकहरूलाई विशेष छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ । यस सम्झौताअन्तर्गत, बैंकले कमलपोखरीस्थित अचार घर, दरबारमार्गस्थित महोत्सव रेष्टुरेन्ट एण्ड बार र हात्तीसारस्थित नेपाल हाउस रेष्टुरेन्ट एण्ड बार तथा कमलादीस्थित क्याफे लायन हर्ट तन्दुरी किचेनमा बैंकका ग्राहकहरूले १० प्रतिशतसम्मको आकर्षक छुटको फाइदा लिन सक्नेछन् ।

सम्झौतापत्रमा हस्ताक्षर भएसँगै, ग्राहकहरूले एक वर्षको अवधिसम्म यी प्रतिष्ठित रेस्टुरेन्टहरूमा स्वादिष्ट परिकारहरूको साथ छुटको लाभ उठाउन पाउनेछन् । ज्योति विकास बैंकले ग्राहकहरूको सुविधालाई प्राथमिकतामा राख्दै, देशका अन्य विभिन्न व्यवसायहरूसँग निरन्तर सहकार्य गर्दै, ग्राहकहरूलाई विशेष छुट र सुविधा प्रदान गर्दै आइरहेको छ । ज्योति विकास बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

## राजधानी भित्र्याइने फलफूल तथा तरकारीको परिमाण बढ्यो

**काठमाडौं (प्रस)–** बाहिरी जिल्लाबाट फलफूल तथा तरकारी भित्र्याउने क्रम बढेसँगै राजधानीमा फलफूल तथा तरकारीको उपलब्धतामा सहज हुँदै गएको छ । वर्षा र बाढीको प्रभावले फलफूल तथा तरकारी भित्र्याउन नसकिएपछि राजधानीमा अभाव हुँदै गएको थियो । फलफूल तथा तरकारीको परिमाण भित्र्याउने क्रम सोमबारदेखि बढ्न थालेको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले जनाएको छ ।

राजधानीमा शनिबार एक सय ५६ टन फलफूल तथा तरकारी भित्र्याइएको थियो । आइतबार एक सय ७९ टन फलफूल र तरकारी भित्र्याइएको थियो । सोमबार दिउँसोसम्म चार सय ५० टन फलफूल तथा तरकारी भित्र्याइएको समितिका सूचना अधिकारी विनय श्रेष्ठले जानकारी दिए । राजमार्ग खुलेर सवारी चल्न थालेपछि राजधानी ल्याइने फलफूल तथा तरकारीको परिमाण वृद्धि हुन थालेको हो । तरकारी फलफूल भित्र्याउने क्रम बढेसँगै मूल्य पनि घट्ने समितिले जनाएको छ । सामान्य अवस्थामा राजधानीमा छ सय देखि सात सय टनसम्म फलफूल तथा तरकारी भित्र्याइने गरेको उनले बताए ।

पूर्वी एवं मध्य नेपालमा तीन दिनसम्म परेको भारी वर्षासँगैको बाढी र पहिरोले मुख्य सडक अवरुद्ध भएपछि राजधानीमा फलफूल तथा तरकारी ल्याउन कठिनाइ भएको हो । थोरै परिमाणमा मात्र ल्याइएपछि फलफूल र तरकारीको मूल्य वृद्धि भएको थियो । सवारी खुलेसँगै जाममा बसेका सवारीसाधन भित्रने क्रम बढेको छ ।


मोबाइलको लतबाट बालिबालिकालाई बचाऔं

मोबाइलको लतबाट:

- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटकपटक ब्यूँझने समस्या हुनसक्छ,
- मोबाईल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणाली सम्बन्धी समस्या आउन सक्छ,
- मोबाइलको लत लागेर बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रूने, दोहोरो कुरा नगर्ने लगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाईल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुनसक्छ,
- मोबाईलले बालबालिकाको मस्तिष्क विकासमा असर पुऱ्याउँछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक